महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल

# लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

## आर्थिक वर्ष - २०७९/८०

## थाक्रे गाउँपालिका, धादिङ

## ८०३३०५०७३००

## थाक्रे गाउँपालिका , धादिङ



https://nams.oag.gov.np

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**बागमती प्रदेश लेखापरीक्षण निर्देशनालय**
**काठमाडौं**

प.सं.:२०८०/८१ मिति : २०८०-७-१७

च.न :

**विषयः लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।**

श्री कार्यालय प्रमुख ज्यु ,
थाक्रे गाउँपालिका, धादिङ ,
थाक्रे गाउँपालिका , धादिङ

लेखापरीक्षण ऐन, २०७५ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०७८९।८० को विनियोजन/राजस्व/धरौटी/अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित कागजपत्र र विवरण परीक्षण गरी छलफल पश्चात् तयार गरिएको प्रारम्भिक प्रतिवेदन यसैसाथ छ ।

कार्यालयबाट पेस भएको आर्थिक विवरणप्रतिको उत्तरदादयित्व प्रचलित कानुन बमोजिम जिम्मेवार व्यक्तिको हो । लेखापरीक्षकको उत्तरदायित्व नेपाल सरकारी लेखापरीक्षणमान बमोजिम आर्थिक विवरण परीक्षण गरी प्रतिवेदन गर्नु हो । प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा थाक्रे गाउँपालिकाको आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्ने सम्बन्धी ऐन, २०७५ को दफा २० बमोजिम ३५ दिनभित्र फस्र्यौट गरी सम्परीक्षण गराउनु हुनेछ । उक्त समयभित्र फस्र्यौट गरी सम्परीक्षण नगराएमा वा सम्परीक्षण गराई बाँकी रहेका व्यहोराहरु समावेश गरी लेखाउत्तदायी अधिकृत/ कार्यपालिका प्रमुखलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

जगन्नाथ घिमिरे
निर्देशक

बोधार्थ तथा कार्यार्थः

श्री संघीय मामिला तथा सामान्य प्रशासन
मन्त्रालय, सिंहदरबार, काठमाडौं ।,
info@mofaga.gov.np

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,
धादिङ, dhading.dtco@fcgo.gov.np

श्री जिल्ला समन्वय समितिको कार्यालय,
धादिङ, dhading.dtco@fcgo.gov.np

# परिचय

## १ परिचय

**(क) कार्यालय परिचय :-** 1. स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ११ वडा रहेको छ भने क्षेत्रफल १०२.७१ वर्ग किलोमिटर तथा ३५ हजार ५३७ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको विनियोजन, राजश्वतर्फ , धरौटी, अन्य कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

## २ स्थानीय सञ्चित कोष

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आय-व्यय हिसावको आर्थिक वर्ष २०७९।८० को वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७२ निम्न बमोजिम रहेको छः

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | गतवर्ष रु. | |
|---|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ११०२०५६३४५ | ७५०९६९६६९ | ७५०९६९६६९ | ६८८८४४२८१ | ६८८८४४२८१ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | १०८८८५६३४५ | ७२६४८१७८४ | ७२६४८१७८४ | ६८३९६०५९८ | ६८३९६०५९८ |
| ११००० कर | ११ | २६१२६९३४४ | १०१२३५०९८ | १०१२३५०९८ | १४३७९०५४३ | १४३७९०५४३ |
| १३००० अनुदान | | ५२२०६३००० | ५००२९५५०० | ५००२९५५०० | ४७९८०५५०० | ४७९८०५५०० |
| संघीय सरकार | १२ | ४४५५१९००० | ४२३७५१५०० | ४२३७५१५०० | ४१३६७३५०० | ४१३६७३५०० |
| प्रदेश सरकार | १२ | ७६५४४००० | ७६५४४००० | ७६५४४००० | ६६१३२००० | ६६१३२००० |
| १४००० अन्य राजस्व | | १५०५६०००१ | १२४९५११८७ | १२४९५११८७ | ६०३६४५५५ | ६०३६४५५५ |
| ३२००० वित्तीय सम्पत्ति | | १५४९६४००० | ० | ० | ० | ० |
| ख. अन्य प्राप्ति | | १३२०००००० | २४४८७८८५ | २४४८७८८५ | ४८८३६८३ | ४८८३६८३ |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० |
| कोषहरु | | १३२०००००० | १३९७९९१७ | १३९७९९१७ | ७५०००० | ७५०००० |
| धरौटी | | ० | १०५०७९६८ | १०५०७९६८ | ४१३३६८३ | ४१३३६८३ |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ११०२०५६३४४ | ८९३४३५६५१ | ८९३४३५६५१ | ७४९६९९०२६ | ७४९६९९०२६ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | १०८८८५६३४४ | ८७५९१०६४५ | ८७५९१०६४५ | ७४१५०९७१३ | ७४१५०९७१३ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | २८८५३१००० | २६४७४७४१४ | २६४७४७४१४ | २०६१७८०९४ | २०६१७८०९४ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १४२३७२००० | ९८२४७२०० | ९८२४७२०० | ११३९७४८४५ | ११३९७४८४५ |
| २५००० सहायता ( Subsidy) | १८ | १३६८२००० | ६५९१९२७ | ६५९१९२७ | ३८३९२९४ | ३८३९२९४ |
| २६००० अनुदान | १८ | ७१९२००० | ५४६०४८ | ५४६०४८ | १०४०५४३६ | १०४०५४३६ |
| २७००० सामाजिक सुरक्षा | १८ | २१४१५००० | १७३८२३०१ | १७३८२३०१ | १०८६१५४२ | १०८६१५४२ |
| २८००० अन्य खर्च | १८ | ६६७३०३४४ | ६६३८५९४२ | ६६३८५९४२ | ४७९९५३२१ | ४७९९५३२१ |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | ५४८९३४००० | ४२२००९८१४ | ४२२००९८१४ | ३४८२५५१८१ | ३४८२५५१८१ |
| घ. अन्य भूक्तानी | | १३२०००००० | १७५२५००५ | १७५२५००५ | ७४९६९९०२६ | ७४९६९९०२६ |
| कोषहरु | | १३२०००००० | १३२०००००० | १३२०००००० | ४००३९९ | ४००३९९ |
| धरौटी | | ० | ४७१६४११ | ४७१६४११ | ७७८८९१४ | ७७८८९१४ |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | -३९१४०६ | -३९१४०६ | | |
| ङ. यो वर्षको बचत (न्युन) | | १ | -१४२४६५९८१ | -१४२४६५९८१ | -६०८५४७४५ | -६०८५४७४५ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | २२२०४६३७७ | २२२०४६३७७ | ३०६८०३६२६ | ३०६८०३६२६ |
| वर्षान्तको बाकी रकम (ङ+च) | | १ | ७९५८०३९६ | ७९५८०३९६ | २४५९४८८८१ | २४५९४८८८१ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| बैंक तथा नगद बाकी | २४ | | ७९५८०३९६ | ७९५८०३९६ | १३९४०९४७५ | १३९४०९४७५ |

गाँउपालिकाले पेस गरेको वित्तीय विवरणमा समावेश नभएको खर्च शीर्षकहरू निम्नानुसार रहेका छन्:

| सि.नं. | खर्च शीर्षक | बजेट | निकासा खर्च |
|---|---|---|---|
| १. | सामाजिक सुरक्षा तथा संरक्षण | १४४३३२००० | १४२४५५६९१ |
| २. | पर्यटन पूर्वाधार विकास आयोजना | १०००००० | १०००००० |
| | जम्मा | १४५३३२००० | १४३४५५६९२ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **वित्तीय प्रतिवेदन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

३.१ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१४,२४,५५,६९१।– र पर्यटन पूर्वाधार विकास आयोजनाको रु.१०,००,०००।- समेत गरी रु.१४,३४,५५,६९१।- सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

३.२ **फरक जिम्मेवारी** - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.२४,५९,५४,१९६।- मौज्दात रहेकोमा यो वर्ष रु.२२,२०,४६,३७७।२९ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.२,३९,०७,८१९।६५ घटी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

३.३ **कर दायित्व** – पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रु.३,९१,४०५।९४ देखाएको छ । यकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । अत: उक्त रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | ३,९१,४०५ |
|---|---|

४ **अनुदान फिर्ता बाँकी**

संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समानीकरण वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७९ असार मसान्तमा देहायको अनुदान खर्च नभई बाँकी रहेकोमा फिर्ता गरेको पाइएन । खर्च नभई बाँकी रहेको निम्नानुसारको रकम सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने रु.

| विवरण | संघीय श्रोतको रु | प्रदेश श्रोतको रु | जम्मा |
|---|---|---|---|
| १३३१२ : सशर्त अनुदान चालु | २३१९७०००.२ | ४९९२२२७.९२ | २८१८९२२८.१२ |
| १३३१३ : सशर्त अनुदान पुँजीगत | ९१९५०३ | ० | ९१९५०३ |
| १३३१५ : विषेश अनुदान पुँजीगत | १७३५२२३.३५ | ० | १७३५२२३.३५ |
| १३३१६ : समपुरक अनुदान चालु | ० | ९७४२१०६.२१ | ९७४२१०६.२१ |
| जम्मा | २५८५१७२६.५५ | १४७३४३३४.१३ | ४०५८६०६०.६८ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,०५,८६,०६० |

## ५ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन्:

**वजेट व्यवस्थापनतर्फ**

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन नगरेको,स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन,
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालिन खर्चको संरचना तयार नगरेको.
- दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकीकृत दीर्घकालिन योजना तयार नगरेको,
- स्थानीय तहले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका स्वीकृति गरी सोको पालना गरे नगरेको,
- स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरे गरेको ।

**भ्रमण खर्च व्यवस्थापनतर्फ**

- भ्रमण खर्च नियमावली, २०६४ अनुसार कार्यालयले भ्रमण काजमा खटाउँदा भ्रमणअभिलेख व्यवस्थित नगरेको,
- नियमावलीमा उल्लेख भएबमोजिम भ्रमण पश्चात् भ्रमण प्रतिवेदन लिने नगरेको ।

**खरिद व्यवस्थापन तर्फ**

- स्थानीय तहले सार्वजनिक खरिद नियमावली तर्जुमा नगरेको,
- सार्वजनिक खरिद ऐन २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ। स्थानीय तहले खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार नगरेको,

- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको,
- सञ्चालित योजनाहरुको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण नगरेको,
- स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण नगरेको,
- स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयन र अभिलेख राख्ने नगरेको,

**शिक्षातर्फ**

- स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको छैन,
- शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS):- कार्यक्रम कार्यान्वयन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन नभएको,
- शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ मा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुवाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरी राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार नगरेको ।
- संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण,शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति, वर्गिकरण, अनुगमन र अभिलेख व्यवस्थित रहे नरहेको,
- संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्यांक शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) अद्यावद्धिक गरे नगरेको ।

**विविधतर्फ**

- मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ.टी.डि.एस. नगरेको,
- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखे नराखेको,
- कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित नगरेको,
- मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समिति तथा नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार पेश्की फर्स्योट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा गरे नगरेको ।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

६ **खर्च विश्लेषण**

पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु.६,८२,८८,६१७।१७, राजस्व बाँडफाँड र अनुदानबाट रु.६८,२६,८१,०५२।२२ समेत रु.७५,०९,६९,६६९।३९ आम्दानी भएकोमा चालु तर्फ रु.४५,३९,००,८३१।४३, पुँजीगत तर्फ रु. ४२,२०,०९,८१४।- र

वित्तीय व्यवस्था तर्फ रु.१,७५,२५,००५।०६ समेत रु.८९,३४,३५,६५०।५१ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ७.६४ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.१,०६,४०,०००।- खर्च भएको छ जुन आन्तरिक आयको १५.५८ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६०.४४ प्रतिशत चालु र ५६.१९ प्रतिशतमात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७ **क्षेत्रगत बजेट तथा खर्चको स्थिति**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.सं. | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ५९१७८००० | २५११५०६८१ | २.८७ |
| २ | पूर्वाधार विकास | ४११८४२००० | ३२९७५२१८६ | ३७.६५ |
| ३ | सामाजिक विकास | ४०५५९५००० | ३३७३०२२७२ | ३८.५१ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित | ३४१११००० | २१८१३४८४ | २.४९ |
| ६ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १७८१३०३४४ | १६१८९२०२१ | १८.४८ |
|  | जम्मा | १०८८८५६३४४ | ८७५९१०६४४ | १००.०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ३८.५१ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धितमा सबैभन्दा घटीमा २.४९ प्रतिशत रहेको छ ।

सैद्धान्तिक बेरुजु

८ **बजेट पेस, पारित र अख्तियारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपाध्यक्षले मिति २०७९।३।१० मा रु.९२ करोड २८ लाख ११ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।४।४ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

९ **वार्षिक खरिद योजना/गुरुयोजना**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.४५,३९,००,८३१।४३ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना

नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१० **त्रैमासिक पुँजीगत खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | ४२२००९८१५ | १५२९१९१९ | ४७११८९९६ | १३७४४४५५३ | २२२१५४३४७ | ९३७०५७७५ |
| प्रतिशत | १००.०० | ३.६२ | ११.१७ | ३२.५७ | ५२.६४ | २२.२० |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.४२,२०,०९,८१५।- निकासा भएकोमा प्रथम त्रैमासिकमा रु.१,५२,९१,९१९।- (३.६२ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.४,७१,१८,९९६।- (११.१७ प्रतिशत), तेस्रो त्रैमासिकमा रु.१३,७४,४४,५५३।- (३२.५७ प्रतिशत) र चौथो त्रैमासिकमा रु.२२,२१,५४,३४७।– (५२.६४ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.९,३७,०५,७७५।- (२२.२० प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

११ **योजना प्राथमिकिकरण**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार ११ वडाको लागि वडागत र पालिकास्तरका कुल ३५७ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | पालिकास्तरीय | ४० | ११ | २५ | ४ |
| २ | वडास्तरीय | ३१७ | १६ | १३१ | १७० |
| | जम्मा | ३५७ | २७ | १५६ | १७४ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## १२ अवण्डा बजेट

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष रु.१,८०,००,०००।- अबण्डा बजेट व्यवस्था गरी भैपरी आउने खर्च र भैपरी आउने खर्च तथा विपद् व्यवस्थापन शीर्षकमा खर्च गरेको छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

अवण्डा बजेटबाट पालिकाले समय समयमा छुट्टै निर्णय गरी कार्यान्वियन गरेका केही योजनाका उदाहारण देहाय अनुसार छन् :

| सि.नं. | योजनाको नाम | रकम |
|---|---|---|
| १ | तोपेडाँडा टोड्के सडक निर्माण | ५०००० |
| २ | १० नं वडाको गेट निर्माण | १४०४०० |
| ३ | राष्ट्रिय विभुती अमर सिंह थापाको मूर्ति निर्माण | ५७१९३७ |
| ४ | जनचेतना सामुदायिक भवन | ७७६००० |
| ५ | श्री लिति महाकांल मा वि | ४८५००० |
| ६ | बालुवाखर्क डाडाखर्क पखिरो रोकथाम | ४८५००० |
| ७ | साना किसान महिला सहकारी संस्थाको भवन निर्माण | ४००००० |
| ८ | लामागाँउ चौतारा सिढी निर्माण | ७८५००० |
| ९ | महादेवबेसी प्रहरीचौकि पर्खाल निर्माण | ७५०००० |
| १० | वर्षे बाटो सरसफाई वडा नं ९ | ३८८००० |
| ११ | दशै बाटो सरसफाई वडा नं ३ | ४७६००० |
| १२ | दशैबाटो सरसफाई वडा नं ४ | ३८८००० |
| १३ | बर्खे बाटो वडा नं ८ | ३८८००० |
| १४ | दशै बाटो सरसफाई | ३८८००० |
| १५ | दशै बाटो सरसफाइ वडा नं १० | ३८८००० |
| १६ | बर्खे बाटो वडा नं १० | ३८८००० |
| १७ | बर्खे बाटो व्यवस्थानप वडा नं ९ | २९१००० |
| १८ | वडा नं ६ को बर्खे तथा दशै | ३८८००० |
| १९ | दशै बाटो सरसफाइ वडा नं ११ | ३८२००० |
| २० | दशै बाटो सरसफाइ वडा नं ७ | ३८८१२३ |
| २१ | बर्खे बाटो वडा नं २ | ३५८००० |
| २२ | दशै बाटो सरसफाइ वडा नं २ | ४७०००० |
| २३ | काम्राङ्ग निर्माण | १७४६०० |
| २४ | मद्रसा हन्फिया आधारभुत विद्यालय | १९४००० |
| २५ | डगाहा सडक स्तरोन्नती | ३३९५०० |
| २६ | ब्याडमिन्टन कोर्ट घडेरी मिर्माण | २९१००० |
| २७ | हाते ट्रयाक्टर खरिद | ४९९६०० |
| २८ | बाघभैरव आ.वि | २९१००० |
| २९ | श्री बाराही आ.वि | ५०००० |
| ३० | तसर्पु ग्रामिण सडक | ५०००० |

| | | |
|---|---|---|
| ३१ | महादेवबेसी झोलुङ्गे पुल भुमेस्थान सडक | ५००००० |
| ३२ | जनचेतना सामुदायिक भवन | ७७६००० |

सैद्धान्तिक बेरुजु

१३ **गत वर्षको भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेटमासमेत गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था गरी रु.४१,३८,५८२।- भुक्तानी दिएको छ।

सैद्धान्तिक बेरुजु

१४ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

सैद्धान्तिक बेरुजु

१५ **जिन्सी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

- कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा सो गरेको पाइएन । कार्यालयले सामान खरिद गर्दा हालसम्म Manual दाखिला गरेको छ । अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।
- यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।
- नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अद्यावधिक गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

१६ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको विवरणअनुसार पालिका भित्र ३२ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१७ **कानुन निर्माण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । यस पालिकाले हालसम्म ३३ वटा ऐन, ५ वटा नियमावली, ५६ कार्यविधि, ७ निर्देशिका र २ अन्य लगायत १०३ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ।

सैद्धान्तिक बेरुजु

१८ **न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १६ र यो वर्ष थप भएको ४९ गरी कुल ६५ विवाद दर्ता भएकोमा ४९ वटा मात्र फर्स्यौट भई १६ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।

सैद्धान्तिक बेरुजु

१९ **राजस्व बाँडफाँड**

स्थानीय तहले आर्थिक ऐन बमोजिम असुल गरेको देहाय अनुसारको रकम राजश्व वाँडफाँड गर्नुपर्नेमा नगरेको पाइएकोले निम्नानुसारको रकम सम्बन्धित निकायलाई बाँडफाँड गरी पठाउनु पर्दछ ।

| आय शीर्षक | संकलित रकम | प्रदेशलाई पठाउनु पर्ने प्रतिशत | पठाएको रकम | पठाउन बाँकी रकम |
|---|---|---|---|---|
| अन्य प्राकृतिक स्रोतको आय तथा रोयल्टी | १०७४८०३०० | ४२९९२१२० | ३६३९९२१२० | ६००००० |

सैद्धान्तिक बेरुजु

२० **कर तथा शुल्क असुली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | १८०००००० | ६००९४५६।२५ | ३३.३९ |
| घरजग्गा वहाल कर | १०००००० | १२२६८६४।१२ | १२२.६९ |
| व्यवसाय कर | ४०००००० | ३१७७८५० | ७९.४५ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

२१ **आय अनुमान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.२९,२२,६७,३४४।- प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु.६,८२,८८,६१७।१७ अर्थात् अनुमान भन्दा ७६.६३ प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

सैद्धान्तिक बेरुजु

२२ **राजस्व अभिलेख**

कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्‍याउनुपर्ने देखियो ।

सैद्धान्तिक बेरुजु

२३ **कच्ची सडक मर्मत**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २७ मा प्रचलित कानुनबमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा अन्य सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन तथा सोही दिन सम्भव नभए सोको भोलिपल्ट प्रचलित ढाँचामा लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाभित्रका ११ वडा र कच्ची सडक मर्मतमध्ये नमुना छनौट गरी परीक्षण गर्दा कच्ची सडक मर्मततर्फ रसिद नं. २१०१ देखि २१५० सम्मत रु.३,१६,६२०।- असुली भएकोमा रु.३,०९,१४०।- मात्र दाखिला भएको पाइएकोले बाँकी रकम दाखिला गर्नुपर्ने रु.

| क्र सं | आय शीर्षक | अशुली रु. | दाखिला रु. | दाखिला गर्न बाँकी |
|---|---|---|---|---|
| १ | कच्ची सडक मर्मत | ३१६६२० | ३०९१४० | ७४८० |

| असुल गर्नुपर्ने | ७,४८० |
|---|---|

२४ **व्यवसाय कर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.३१,७७,८५०।- कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छ्रन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२५ **सेफ हाउस संचालन**

पालिकाले वडा कार्यालयमा कार्यरत रहने गरी सेफ हाउस ईन्चार्ज १ जना मासिक पारिश्रमिक रु ३२,९०२। र मनोविमर्शदाता ३ जना मासिक पारिश्रमिक रु १५,०००।का दरमा भुक्तानी दिने गरी ४ जना करार कर्मचारी नियुक्ती गरी सेफ हाउस संचालन कार्यक्रममा रु ११,५०,६९६। खर्च गरेको छ।कर्मचारी पारिश्रमिकमा मात्र खर्च भएको उल्लेखित कार्यक्रमको सेवा तथा विमर्शका प्रकार, आवश्यकता, कतिजना सेवाग्राहीलाई कस्ता प्रकारका मनोविमर्श सेवा उपलब्ध गराए, उपलब्ध सेवाको प्रभावकारीता र गुणस्तर जस्ता पक्षहरुको विषय समावेश नभएकोले उल्लेखित कार्यक्रमको प्रभावकारीता सम्बन्धमा यकिन गर्न सकिएन।तसर्थ उलब्धिपूर्ण र प्रभावकारीताको यकिन गरेर मात्र कार्यक्रम संचालन गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

## २६ पर्व तथा जात्रा

आर्थिक कार्यविधि तथा वित्तीयउत्तर दायित्व नियमावली,२०७७ मा सरकारी रकम खर्च गर्दा मितव्ययीता अपनाउनु पर्ने व्यबस्था उल्लेख छ साथै स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७३(६) मा स्वीकृत बजेट खर्च गर्दा मितव्ययीता कार्यदक्षता प्रभावकारीता र ¬औचित्य समेत कायम गर्न आवश्यक व्यबस्था मिलाउनु पर्ने उल्लेख ।पालिकाले कार्यक्रम स्वीकृत नगरी निम्न बमोजिमका खर्च रु ११ लाख ७० हजार विभिन्न पर्व तथा जात्रा मनाउने कार्यमा खर्च भएको छ।सरकारी रकमको मितव्ययीता तथा औचित्यतता समेतलाई ध्यानमा राखी उपलब्धी विनाको खर्च रकम भुक्तानीमा सुधार गर्नु पर्दछ।

| भौचर नं र मिति | विबरण | खर्च रकम |
|---|---|---|
| ६३१ , २।२८ | तीज विशेष कार्यक्रम खर्च , उज्यालो भविस्य महिला समुहलाई भुक्तानी। कार्यक्रम स्वीकृती नगरी खाद्यान्नमा भएको खर्च र कलाकारहरुमा भएको खर्च रकम नियमसम्मत नभएको। | ४ , ०० , ०००। |
| ४४२ , १२।३ | लैंगिक समानता दिवश कार्यक्रम खर्च | ५० , ५६०। |
| ४८९ , १।३ | भीमसेन जात्रा कार्यक्रम | ५० , ०००। |
| ३८७ , ११।२५ | ल्होसार कार्यक्रम खर्च | ५ , ५० , ०००। |
| ५६८ र ५४८ | माताातिर्थ औंसी कार्यक्रम खर्च | १ , २० , ०००। |

सैद्धान्तिक बेरुजु

## २७ आर्थिक सहायता

स्थानीय सरकार संचलन ऐन,२०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थालाई अनुदान वितरण गर्न नहुने व्यबस्था उल्लेख छ।पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विपन्नसंग अध्यक्ष कार्यक्रम,अन्य सामाजिक सुरक्षा र आर्थिक सहायता खर्च शिर्षकबाट विभिन्न व्यक्ती तथा संस्थालई रु ३९,३४,०००।आर्थिक सहायता वितरण गरेको छ ।निश्चित विधि र मापदण्ड बेगर पालिका अध्यक्षको तोक आदेशमा आर्थिक सहायता वितरण गर्ने प्रबृतिमा नियन्त्रण हुनु पर्दछ।यस्ता प्रकृतिका भुक्तानीका केही उदाहरण निम्न अनुसार रहेको छ।

| भौचर नं र मिति | विबरण | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|
| ६४४, २।३० | विविध खर्च शिर्षकबाट सविन नेपाललाई भुक्तानी | ५००००। | अध्यक्षको तोक आदेशमा |
| ६५१, २।३२ | विपन्नसंग अध्यक्ष कार्यक्रमबाट | ५००००। | २ जनालाई रु २५ हजारका दरमा |
| ६५३, ३।३ | विपन्नसंग अध्यक्ष कार्यक्रमबाट | २७५०००। | ११जनालाई आर्थिक सहायता |
| ६६३, ३।४ | राजकुमार फुयाललाई भुक्तानी | ८००००। | कार्यपालिकाको निर्णयमा |

सैद्धान्तिक बेरुजु

२८ **पेस्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फर्स्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौट नभई रु.५९,७०,२५४।- बाँकी रहेको देखिन्छ । सो मध्ये निम्नानुसारको म्याद नाघेको पेश्की रु.४६,८२,४९६।- फर्स्यौट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फर्स्यौट गर्नुपर्ने रु.

| सि.नं. | पेश्की लिने व्यक्ति फर्म वा कम्पनीको नाम | म्याद नाघेको |
|---|---|---|
| १ | राई कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि | ३९५००० |
| २ | राई कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा लि | ३९५००० |
| ३ | लिति कालिका कन्सट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | ३८५००० |
| ४ | नेपाल विद्युत प्राधिकरण धादिङ्ग वितरण केन्द्र | १२४६०६० |
| ५ | नेपाल विद्युत प्राधिकरण धादिङ्ग वितरण केन्द्र | ६५५१७० |
| ६ | नेपाल विद्युत प्राधिकरण धादिङ्ग वितरण केन्द्र | ९९९२६६ |
| ७ | राजेन्द्र प्रसाद आचार्य | ५३२००० |
| ८ | टिकादेवी न्यौपाने | ७५००० |
| | जम्मा | ४६८२४९६ |

| पेश्की | ४६,८२,४९६ |
|---|---|

२९ **म्याद ननाघेको पेस्की**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ मा पेश्की रकमको विवरण तयार गरी म्याद नाघेको र म्याद ननाघेको छुट्टाछुट्टै अभिलेख राखी एकीकृत लगत तयार गर्नु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष निम्नानुसार निकाय व्यक्ति तथा संस्थालाई रु.१२,८७,७५८।- पेश्की दिएको छ । पेश्कीको आर्थिक वर्षको अन्तसम्म म्याद ननाघेतापनि सोको अभिलेख व्यवस्थित गरी फर्स्यौट तथा गत विगतका पेश्कीको समेत एकीकृत हिसाव कायम गर्नुपर्दछ ।

| सि.नं. | पेश्की लिएको मिति | गो. भौ. न. | पेश्की लिने ब्यक्ति फर्म वा कम्पनीको नाम | म्याद ननाघेको |
|---|---|---|---|---|
| १ | ०३/०८/२०८० | ४४५ | नेपाल विद्युत प्राधिकरण धादिङ्ग वितरण केन्द्र | १०८५९५१ |
| २ | ०३/०८/२०८० | ४४५ | नेपाल विद्युत प्राधिकरण धादिङ्ग वितरण केन्द्र | २०१८०७ |
| | | | जम्मा | १२८७७५८ |

सैद्धान्तिक बेरुजु

३० **आन्तरिक लेखापरीक्षण**

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३१ **मू.अ. कर ढिलो दाखिला**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ अनुसार मूल्य अभिवृद्धि कर असुल गर्ने फर्मले २५ दिनभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा मूल्य अभिवृद्धि कर बुझाउनुपर्दछ । तोकिएको समयभन्दा ढिला गरी रकम बुझाएमा व्याज, जरिवाना तथा शुल्क समेत बुझाउनुपर्ने उल्लेख छ । देहायका कर सकंलकले बुझाउनुपर्ने मूल्य अभिवृद्धि कर ढिलो बुझाएवापत लाग्ने व्याज, जरिवाना तथा शुल्क समेत बुझाउनुपर्दछ ।

| सि.नं | कर संकलको नाम | कर रकम | बुझाउनुपर्ने रकम | बुझाउनुपर्ने मिति | बुझाएको मिति | ढिला दिन | जरिवाना शुल्क तथा व्याज |
|---|---|---|---|---|---|---|---|
| १ | गोरखकाली कन्स्ट्रक्सन एण्ड मल्टी पर्पोज प्रा.लि. | २४५९९६५३.०० | ३१९७९५४.८९ | २०७९।७।२५ | २०८०।३।२८ | २४२ | हिसाव गरी दाखिला हुनु पर्ने |
| | | २८६९९५९६.०० | ३७३०९४७.४८ | २०८०।१।२५ | २०८०।३।२८ | ६० | “ |
| | | २८६९९५९६.०० | ३७३०९४७.४८ | २०८०।३।२५ | २०८०।३।२८ | ३ | “ |
| | जम्मा | ८१९९८८४५.०० | १०६५९८४९.८५ | | | | “ |
| २ | कुम्लुङ्ग निर्माण सेवा प्रा.लि. | १२८२८४५.०० | १६६७६९.८५ | २०७९।९।२५ | २०७९।८।२५ | ० | “ |
| | | २९३५५१५.०० | ३८१६१६.९५ | २०८०।१।२५ | २०८०।३।२० | ५५ | “ |
| | जम्मा | ४२१८३६०.०० | ५४८३८६.८० | | | | “ |
| ३ | कुम्लुङ्ग निर्माण सेवा प्रा.लि. | १२१६४४६.०० | १५८१३७.९८ | २०७९।९।२५ | २०७९।८।२५ | ० | “ |
| | | २७८३५८९.०० | ३६१८६६.५७ | २०८०।१।२५ | २०८०।३।२० | ५५ | “ |
| | जम्मा | ४०००० ३५.०० | ५२०००४.५५ | | | “ | |

सैद्धान्तिक बेरुजु

३२ **राजस्व**

३२.१ पालिकाले सुङगुरे, खयरघारी, धार्के, महेश र आग्रा खोलाबाट ढुङ्गा, रोडा, बालुवा, ग्रावेल, माटो क्रसर धुलोको संकलन र निकासी तथा ईट्टा वापत र महादेवबेंसी झोलुङ्गे पुल भुमेस्थान सडक तथा तसर्पु आग्रा खोला ग्रामीण सडकबाट दहत्तर बहत्तरको संकलन तथा बिक्री वितरण वापत राजस्व उठान बढाबढको बोलपत्र आह्वान गरेकोमा पहिलोमा चौथो पटक र दोश्रो र तेश्रोमा नवौं पटकमा सुरुमा अनुमान गरिएको राजस्व भन्दा पुनः पालिकाले घटाई बढी कबोल गर्ने कर संकलकसँग सम्झौता गरेको देखियो । पालिकाले कर संकलन गर्न प्रकाशित गरेको बोलपत्रको सूचनामा आर्थिक वर्ष २०७९।८० उल्लेख गरेको छ । पटक पटक सूचना प्रकाशित गर्दा सुरु अनुमान गरेको राजस्वको रकमबाट घटाई पुनः सूचना निकालेको र विडरले तोकेको राजस्व रकम उठाउन सहमत भई बिड गरेको अवस्थामा तोकेको रकमनै लिने गरी सम्झौता गर्नुपर्दछ । तर पालिकाले सूचनामा तोकिएको राजस्व रकमलाई ३६५ ले भाग गरी २०७९ श्रावण १ गतेदेखि सम्झौता गर्दाको दिन पहिलो ठेक्कालाई ८९ दिन, दोश्रो र तेश्रो ठेक्कालाई १४६ दिन सूचनामा उल्लेख गरेको र विडरले राजस्व उठाई तिर्न मञ्जुर गरेको रकमबाट क्रमशः रू.२,६४,४१,६५६।१४, रू.२६,६६,६८०।– र रू.२८,१२,२४०।– समेत रू.३,१९,२०,५४६।१४ स्थानीय सरकारलाई हानी नोक्सानी हुने गरी सम्झौता गरेकोले कार्यपालिका समेतलाई जिम्मेवार बनाई असुल हुनुपर्ने रू.

| असुल गर्नुपर्ने | ३,१९,२०,५६१.१४ |
|---|---|

३२.२ मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १५(३) अनुसार माथिको रकम रू.३,१९,२०,५६१।१४ मा लाग्ने मूल्य अभिवृद्धि कर रू.४१,४९,६७१।– तथा ऐन अनुसार लाग्ने शुल्क जरिवाना र व्याज समेत हिसाब गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रू.

| ठेक्काको विवरण | कर संकलको नाम | विड रकम | सम्झौता रकम | घटी रकम | मू.अ. कर | जम्मा रकम |
|---|---|---|---|---|---|---|
| महादेवबेंसी झोलुङ्गे पुल भूमेस्थान सडक | गोरखकाली कन्स्ट्रक्सन एण्ड मल्टीपर्पज प्रा.लि. | १०८४४०५०० | ८१९९८८८३.८६ | २६४४१६५६.१४ | ३४३७४१५.२९ | २९८७९०७१.४३ |
| तसर्पु आग्राखोला ग्रामीण सडक | कम्लुङ्ग निर्माण सेवा प्रा.लि. | ७०३०६०० | ४२१८३६०.०० | २८१२२४०.०० | ३६५५९१.२० | ३१७७८३१.२० |
| थाक्रे गाउँपालिका क्षेत्रभित्र | कम्लुङ्ग निर्माण सेवा प्रा.लि. | ६६६६७०० | ४०००३५.०० | २६६६६६५.०० | ३४६६६६.४५ | ३०१३३३१.४५ |
| | जम्मा | १२२१३७८०० | ९०२१७२७८.८६ | ३१९२०५६१.१४ | ४१४९६७२.९४ | ३६०७०२३४.०८ |

**कार्यालयको भनाइ** – पालिकाका अध्यक्ष समेतको रोहवरमा छलफल हुँदा आर्थिक वर्ष भनेको श्रावणदेखि आषाढसम्म हुने भएकोले सोही आर्थिक वर्षलाई ३६५ दिन मानि क्रमशः ८९ दिन र १४६/१४६ दिन छुट दिई सम्झौता गरेको तथा गत विगतमा पनि यसरी नै सम्झौता हुँदै आएको भन्ने भनाइ रहेको छ ।

| असुल गर्नुपर्ने | ४१,४९,६७२.९४ |
|---|---|

३२.३ पालिका अध्यक्षले दिएको जानकारी अनुसार गत विगत बर्षहरूमा पनि माथि उल्लिखित विधिबाट सम्झौता हुँदै कम राजस्व असुली गरेको भन्ने जानकारी दिएकोले गत विगत वर्षमा पनि छुट भएको राजस्व, त्यसमा लाग्ने मूल्य अभिवृद्धि कर समेतको विषयमा छानबिन गरी रकम छुट भए कार्यपालिका समेतलाई जिम्मेवार बनाई असुल गरी सोको प्रतिवेदन पेस हुनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

३३ **राजस्व बुझाउन बाँकी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । पालिकाले दहत्तर बहत्तर (रोडा, ढुङ्गा, बालुवा, माटो, इट्टा) उठाउने कर संकलक गोरखकाली कन्स्ट्रक्सन एण्ड मल्टी पर्पोज प्रा.लि. ले सम्झौता अनुसार बुझाउनुपर्ने तेश्रो किस्ता रू.२,८६,९९,५९६।– मध्ये निजले मिति २०८०।३।२७ मा रू.१,६८,१५,७०६।– मात्र बुझाएको देखियो । बाँकी रकम रू.१,१८,८३,८९०।– लेखापरीक्षण अवधिसम्म बुझाएको देखिएन । उक्त रकममा ढिलो वापतको जरिवाना समेत हिसाब गरी असुल हुनुपर्ने रू.

| असुल गर्नुपर्ने | १,१८,८३,८९० |
|---|---|

३४ **राजस्व ढिला दाखिला**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(२) अनुसार समयमै राजश्व नबुझाएमा १० प्रतिशतका दरले जरिवाना असुल गरी संचित कोषमा दाखिला गर्नुपर्ने ब्यवस्था छ । देहायका कर संकलकले बुझाउनुपर्ने राजस्व ढिला बुझाएकोले ढिलावापतको व्याज तथा जरिवान देहाय अनुसार असुल गरी सञ्चित कोषमा दाखिला गर्नुपर्ने रू.

| सि. नं . | कर संकलको नाम | बुझाउनुपर्ने मिति | किस्ता | रकम | बुझाएको मिति | रकम | ढिलो दिन | जरिवाना |
|---|---|---|---|---|---|---|---|---|
| १ | गोरखकाली कन्स्ट्रक्सन एण्ड मल्टी पर्पोज प्रा. लि . | २०७९।६। २७ | प्रथम | २४५९९६५३ | २०७९।६। २७ | २४५९९६५३ | ० | ० |
| | | २०७९।१२। ३० | दोश्रो | २८६९९५९६ | २०७९।१२। ३० | २८६९९५९६ | ० | ० |
| | | २०८०।२। ३० | तेश्रो | २८६९९५९६ | २०८०।३। २७ | २८६९९५९६ | २७ | २१२२९८ |
| २ | कुम्लुङ्ग निर्माण सेवा प्रा. लि . | २०७९।८। २४ | प्रथम | १२८२८४५ | २०८९।८। २४ | १२८२८४५ | ० | ० |
| | | २०७९।१२। ३० | दोश्रो | २७१७५८९ | २०८०।३। २२ | २७१७५८९ | ८२ | ६००५३ |
| ३ | कुम्लुङ्ग निर्माण सेवा प्रा. लि . | २०७९।८। २४ | प्रथम | १२१६४४६ | २०८९।८। २३ | १२१६४४६ | ० | ० |
| | | २०७९।१२। ३० | दोश्रो | २७८३५८९ | २०८०।३। १५ | २७८३५८९ | ७५ | ५७१९७ |
| | | | | | | | जम्मा | ३२९५४८ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,२९,५४८ |

३५ **अनुगमन भत्ता**

बागमती प्रदेश सरकारद्धारा प्रकाशित स्थानीय तहका पदाधिकारी तथा सदस्यको सेवा सुविधा सम्बन्धि ऐन,२०७५को (पहिलो संशोधन) मा स्थानीय पदाधिकारीहरुले स्थानीय क्षेत्रभित्रको योजनाहरुको अनुगमन गर्ने कार्यबापत भत्ता उपलब्ध गराउंने व्यबस्था उल्लेख भएको देखिदैंन । पालिकाले जनप्रतिनिधि तथा कर्मचारीलाई योजना तथा कार्यक्रम अनुगमन बापत प्रतियोजनाको रु १०००। र रु १५००।का दरले निम्न अनुसारको अनुगमन भत्ता रु ११ लाख ३२ हजार भुक्तानी गरेको देखियो।अनुगमन गरिएको निम्न योजनाहरु तथा कार्यक्रमको प्रतिबेदन समेत संलग्न नगरी ऐन तथा नियममा व्यबस्था नभएको सुविधामा भुक्तानी गर्दा पालिकालाई थप ब्ययभार पर्न गएको छ ।यस प्रकारको खर्च रकम नियमसम्मत देखिएन।

| भौचर नं र मिति | विबरण | अनुगमन | भत्ता रकम |
|---|---|---|---|
| ४१८, १२।१ | विभिन्न योजना अनुगमन | प्रमुख प्रशासकीय अधिकृत सविन सिंह चौधरी लगायत ८ जनालाई ३५ वटा अनुगमन | २६५७६०। |
| ४९३, १।७ | विभिन्न योजना अनुगमन | उपाध्यक्ष यन्त्र बहादुर थापा लगायत अन्यलाई ३५ दिनको अनुगमन भत्ता | १०५०००। |
| ५४३, २।२ | विभिन्न योजना अनुगमन | उपाध्यक्ष यन्त्र बहादुर थापा , प्र प्र अ सविन सिंह चौधरी ,<br>मान बहादुर बराल , सुदर्शन पाण्डे लगायत १४ जनालाई २४ योजनाको अनुगमन भत्ता | २९६०००। |
| ६२६, २।२२ | ३ दिने तालिम अनुगमन | प्र प्र अ मान बहादुर बराल , ले अ रश्मी धिमाल लगायत ५ जनालाई २ दिनको | १००००। |
| ६८८, ३।८ | योजना अनुगमन | उपाध्यक्ष यन्त्र बहादुर थापा , प्र प्र अ मान बहादुर थापालगायत<br>१३ जनालाई १५००।को दरमा | ४०४०००। |
| ७४४, ३।१९ | ३ दिने तालिम अनुगमन | उपाध्यक्ष यन्त्र बहादुर थापा लगायत ७ जनालाई १२दिनको | ७४०००। |
| ७४६, ३।१९ | घोषणा कार्यक्रमको अनुगमन | प्र प्र अ मान बहादुर थापा लगायत ६ जनालाई | १४०००। |
| जम्मा | | | ११, ३२ , ७६० |

| अनियमित भएको | ११,३२,७६० |
|---|---|

३६ **बैठक भत्ता**

अर्थ मन्त्रालयको कार्यसंचालन निर्देशिका,२०७७ को आठौं संशोधन २०७९ को बुँदा नं ७.१.१ मा बैठक भत्ता भुक्तानी गर्दा बैठकको विषय बस्तु र गम्भीरताको यकिन गरेर कानुन अनुसार गठन भएको समितिका लागि मात्र बैठक भत्ता दिन मिल्ने,कार्यालय समयमा बसेको बैठकको भत्ता लिन नमल्ने व्यबस्था उल्लेख छ।पालिकाले यस वर्ष कर्मचारी र पदाधिकारी बैठक भत्तामा रु 31 लाख 32 हजार खर्च गरेको छ।बैठक भत्ताको केही भौचर परीक्षणमा कार्यपालिका बैठक, खरिद समितिको बैठक, मुल्यांकन समितिको बैठक तथा विभिन्न विषयगत शिर्षकको बैठक विहान, बेलुकाको समय र कार्यालय समयमा बसेको बैठकको समेत बैठक भत्ता भुक्तानी गरेको छ।साथै एकै मितिमा एकै समयमा मुल्यांकन समितिको बैठक बसेको भनी निर्णय मात्र फरक पारी बैठक भत्ता वितरण गरेको छ।तसर्थ आवश्यकताको आधारमा भन्दा पनि भत्ता प्रयोजनको लागि बैठक बस्ने कार्यमा सुधार गरी बैठकको बिषय बस्तु र गम्भीरताको आधारमा बैठक बसी तोकिएको मापदढण्डको पालना गरी मितव्ययी रुपमा बैठक खर्च भुक्तानी गर्नु पर्दछ।बैठक भत्ता भुक्तानीका केही उदाहरण निम्न बमोजिम रहेको छ।

| भौचर नं र मिति | बैठक | विबरण | भत्ता रकम |
|---|---|---|---|
| ३३७,१०।२५ | मुल्याँकन समितिको बैठक | संजिव नेपालको संयोजकत्वमा ५ सदस्यीय समितिको २०७९।१०।१७ मा बेलुका ५ बजे एकै समयमा २ बैठक बसेको फरक फरक माईन्युट बनाई बैठक भत्ता भुक्तानी | १४२००० |
| | | १०।१८ मा विहान ९ बजे एकै समयमा २ बैठक बसी फरक फरक माईन्यूट बनाई भत्ता भुक्तानी | |
| ४४९,१२।१२ | खरिद ईकाई र मुल्यांकन समितिको बैठक | खरिद ईकाईको संयोजक पुरन चन्द्र आचार्य र | ११७००० |
| | | मुल्यांकन समितिको संयोजक संजिव नेपाललाई विभिन्न १६ बैठकको भत्ता भुक्तानी | |
| ७५०,३।२० | खरिद समितिको बैठक | हिरा बहादुर थापाको संयोजकत्वमा १२।४ मा कार्यालय समय दिउसो ४.३० बजे लगायतका अन्य | ७१००० |
| ७६८,३।११ | सभा बैठक | पेश्की फर्छ्यौट मन्जु पौडेलको। २ सभाको बैठकमा उपस्थिति संख्या फरक पारी कैठक भत्ता भुक्तानी।३।१० मा एक भर्पाईमा ६२ जना पुन अर्कोमा ५८ जना उल्लेख साथै ३।१२ मा ५३ जना उल्लेख भएकोमा अर्को भर्पाईमा पुन ५९ जना उल्लेख भएको। | २४२००० |

सैद्धान्तिक बेरुजु

३७ **बढी दरमा भ्रमण भत्ता**

बागमती प्रदेश सरकारबाट प्रकाशित स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन,२०७५को (पहिलो संशोधन) अनुसुचि १(क) मा गाउँ पालिका अध्यक्ष उपाध्यक्ष लगायत अन्य सदस्यले पाउँने सुविधामा उल्लेखित दरमा स्वदेश भ्रमण भत्ताको पाउँने उल्लेख छ।पालिकाले निम्न भौचरबाट पालिकाका उपाध्यक्षलाई ऐनमा उल्लेखित दरभन्दा बढी दरमा दैनिक भ्रमण भत्ता भुक्तानी गरेको छ।उल्लेखित दर भन्दा बढी दरको भुक्तानी रकम असुल हुनु पर्दछ।

| भौ नं र मिति र नाम | भ्रमण अवधि | भुक्तानी भएको | हुनु पर्ने | बढी भुक्तानी |
|---|---|---|---|---|
| ६२४, २।२२ गा पा उपाध्यक्ष यन्त्र बहादुर थापा | १२।१८ देखि २२ सम्म चितवन | ८५००। | ६८००। | १७०० |
| | | २००० का दर | १६०० का दर | |
| जम्मा | | | | १७०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,७०० |

३८ **तलबी प्रतिबेदन**

निजामती सेवा ऐन, २०४९ को दफा ७ को २(ख) मा कार्यालयले तलबी प्रतिबेदन पारीत नगराई तलब खर्च लेख्न नमिल्ने कुरा उल्लेख छ। साथै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं.१८, मिति २०७६।५।१८ को पत्रबाट स्थानीय तहका कर्मचारी र संघबाट कामकाजमा खटिएका कर्मचारीको हकमा सम्बन्धित जिल्लास्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिबेदन पारीत गराउंनु पर्ने स्पष्ट निर्देशन रहेकोमा पालिकाले तलबी प्रतिबेदन पारीत नगराई गाउ कार्यपालिका तर्फका 33 जना स्थायी कर्मचारीहरुको तलब तथा ग्रेड बापतको खर्च रकम रु.१,75,28,121।०० सम्बन्धमा यकिन गर्न सकिएन।तसर्थ ऐन तथा निर्देशन बमोजिम तलबी प्रतिबेदन पारीत गराएर मात्र खर्च लेख्नु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३९ **प्रोत्साहन भत्ता**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८६ को (१) मा स्थानीय सेवाको गठन, संचालन व्यबस्थापन, सेवाको शर्त तथा सुविधा सम्बन्धि आधारभुत सिद्धान्त र मापदण्ढ संघीय कानुन बमोजिम हुने, दफा ८६(२) मा स्थानीय सेवाको गठन, संचालन तथा व्यबस्थापन, सेवाको शर्त तथा सुविधा सम्बन्धि अन्य व्यबस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यबस्था छ ।पालिकाले स्थाथी कर्मचारीहरु र कारारका समेत गरी ५८ जनालाई मासिक रुपमा तलबको २० देखि २५ प्रतिशत प्रोत्साहन भत्ता निर्धारण गरी रु ४९,९५,८२४।खर्च भुक्तानी गरेको छ। पालिकाले यसरी प्रोत्साहन भत्ता वितरण गर्दा कर्मचारीको कार्य क्षेत्र, आन्तरिक राजश्व संकलन क्षमता,खर्चको आकार आदिलाई मध्येनजर गर्दै कार्यविधि निर्धारण गरी कार्यसम्पादन मुल्याङ्कनका सुचकहरुको आधारमा मात्र सम्बन्धित कानुन बनाएर खर्च गर्नु पर्नेमा सो नगरी भुक्तानी भएको खर्च रकम नियम सम्मत नभएको रु.

| | |
|---|---|
| अनियमित भएको | ४९,९५,८२४ |

४० **कानुनी परामर्शदाता**

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ८६(८ ) मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पदपुर्ती गर्न नहुने उल्लेख छ। पालिकाले २०७९।४।१ मा सम्झौता गरी कानुनी परामर्शदाताका रुपमा मासिक रु २४३८०।पारिश्रमिक निर्धारण गरी जगन्नथ अधिकारीलाई नियुक्ति गरेको छ।ऐनमा तोकिएको प्रावधान विपरित कर्मचारी नियुक्ती गरेको बार्षिक पारिश्रमिक रु ३,२६,९४०।खर्च रकम पालिकालाई थप व्ययभार परेको छ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४१ **करार कर्मचारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(८) मा पालिकाले प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था उल्लेख छ ।सो बिपरीत पालिकाले ईन्जिनियर, सव ईन्जिनियर ,कृषि अधिकृत, अ स ई, अधिबक्ता लगायतका समेत गरी २६ जना करारमा कर्मचारी नियुक्ती गरी रु १ करोड ४४ लाख ७० हजार खर्च गरेको छ ।पालिकाले स्वीकृत दरबन्दीको अधिनमा रही आवश्यक जनशक्तीको संख्या निर्धारण गरेर मात्र प्रदेश लोकसेवा आयोगमा रिक्त दरबन्दिको माग पठाई योग्यता प्रणालीको आधारमा कर्मचारी नियुक्ती गरिनु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४२ **दोहोरो सुविधा**

बागमती प्रदेश सरकारद्धारा प्रकासित स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन,२०७५ को (पहिलो संशोधन २०७७) अनुसुचि १ (क) मा पालिका जनप्रतिनिधिहरुले सवारी साधन नलिएको अवस्थामा मात्र मासिक रुपमा तोकिएको यातायात खर्च पाउने व्यबस्था उल्लेख छ।पालिकाले निम्न पदाधिकारीहरुलाई सवारी साधन उपलब्ध गराएकोमा पुनः यातायत सुविधा समेत भुक्तानी गरेको देखियो।सवारी साधन उपलब्ध पश्चातको दोहोरो सुविधा असुल हुनु पर्ने रु

| पदाधिकारी | विबरण | रकम | कैफियत |
|---|---|---|---|
| गा पा अध्यक्ष राम कुमार आचार्य | साउन देखि असोज सम्मको यातायात खर्च | ३०००० | मासिक १००००।का दरमा |
| वडा अध्यक्ष टिकाराम तामाङ | साउन देखि माघ सम्म | पालिकाले यकिन गरी असुल गर्नु पर्ने | पालिकाले उपलब्ध गराएको विबरणमा सवारी साधन बुझिलिएको मिति नखुलेको |
| वडा अध्यक्ष हिरा बहादुर थापा | साउन देखि जेठ सम्म | पालिकाले यकिन गरी असुल गर्नु पर्ने | पालिकाले उपलब्ध गराएको विबरणमा सवारी साधन बुझिलिएको मिति नखुलेको |
| वडा अध्यक्ष युवराज खतिवडा | साउन देखि माघ सम्म | पालिकाले यकिन गरी असुल गर्नु पर्ने | पालिकाले उपलब्ध गराएको विबरणमा सवारी साधन बुझिलिएको मिति नखुलेको |
| वडा अध्यक्ष प्रेम कुमार थापा | साउन देखि माघ सम्म | पालिकाले यकिन गरी असुल गर्नु पर्ने | पालिकाले उपलब्ध गराएको विबरणमा सवारी साधन बुझिलिएको मिति नखुलेको |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३०,००० |

४३ **भ्रमण खर्च**

भ्रमण खर्च नियमावली,२०६४ अनुसार कार्यलयले दैनिक भ्रमण खर्च दिनुपूर्व भ्रमण गर्ने उदेश्य स्पष्ट हुनुपर्दछ ।भ्रमण गर्नुपर्ने अवस्था भएपछि स्वीकृत भ्रमण आदेश अनुरुप भ्रमण गर्ने पदाधिकारीले भ्रमण गरि कार्यालयमा फर्केको ३५ दिन भित्र भ्रमण को उपलव्धी सहितको प्रतिवेदन पेश गर्नुपर्दछ ।यसवर्ष कार्यालयले उपलव्ध गराएको विवरण अनुसार रु. १८ लाख ८५ हजार भ्रमण र अनुगमन खर्च भएको छ । भ्रमण खर्च गरेको खर्च सम्वन्धी केही फाँटवारी परीक्षण गर्दा भ्रमण गर्ने पदाधिकारीले भ्रमण प्रतिवेदन पेश नगरेकोले भ्रमणको उपलव्धी मापन गर्न सकिने आधार देखिएन ।भ्रमण खर्चलाइ आवश्यकताको आधारमा भन्दा सुविधाको आधारमा खर्च लेख्ने परम्पराले सरकारी खर्चको मितव्ययीतामा जोखिम देखियो ।यस्तो खर्चगर्ने परीपाटीमा नियन्त्रण गरी अत्यावश्यक कार्यमा मात्र भ्रमण खर्च भुक्तानी गर्नु पर्दछ ।अनुगमन तथा भ्रमण खर्च सम्बन्धमा देखिएका थप व्यहोराहरु निम्न छन।

• भ्रमणको उद्देश्यमा कार्यालय सम्बन्धी काम भनि उल्लेख गरेको छ । तर त्यस्तो काम गरेको प्रमाणित हुने कागजात भ्रमण बिलमा संलग्न गरेको छैन ।

• नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन सकेन ।

• भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको छ ।

• स्पष्ट प्रयोजन बेगर पदाधिकारी तथा कर्मचारीहरुको ७ दिन सम्मको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी लिने गरेको छ ।

• पालिकाले अन्य निकायका कर्मचारीहरुलाई भ्रमण आदेश र प्रतिबेदन बेगर पनि भ्रमण खर्च भुक्तानी गरेको देखियो।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४४ **बढी तलब**

स्थानीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले मिति २०७९।११।१४ मा स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ८४ (४) बमोजिम कामकाज गर्न खटाएको पत्रमा प्रमुख प्रशासकीय अधिकृत मान बहादुर बरालको श्रेणी राज पत्रांकित तृतिय रहेको र खुम्बु पाशाङल्हामु गाउपालिकाको मिति २०७८।९।१६ को रमाना पत्रमा प्रमुख प्रशासकीय अधिकृत सविन सिंह चौधरीको श्रेणी राज पत्रांकित तृतिय उल्लेख छ।पालिकाले राज पत्रांकित तृतिय श्रेणीका प्रमुख प्रशासकीय अधिकृतहरुलाई स्थानीय तहको आठौं स्तरको कर्मचारीको सेवा सुविधा भुक्तानी गरेको देखियो।ऐन विपरित पालिकाले प्रमुख प्रशासकीय अधिकृतहरुलाई स्थानीय कर्मचारीको सेवा सुविधा भुक्तानी गरेकोले सोको आधार पेश गर्नु पर्ने अन्यथा असुल गर्नु पर्ने रु

| कर्मचारी | अवधि | हुनु पर्ने | भुक्तानी भएको | बढी ( क स कोष समेत ) |
|---|---|---|---|---|
| प्र. प्र . अ . सविन सिंह चौधरी | साउन देखि फागुन सम्म | ५४, ८८९। | ६०, ११२। | ४५, ९६२ । |
| प्र. प्र . अ . मान बहादुर बराल | चैत्र देखि असाढ सम्म | ४६, ६०१। | ५१, ९८७। | २३, ६९८। |
| जम्मा | | | | ६९, ६६०। |

| प्रमाण पेश नगरेको | ६९,६६० |
|---|---|

४५ **निशुल्क पाठ्यपुस्तक**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं. २.४.६.१ को क्रियाकलाप ३.१ बमोजिम IEMIS मा प्रविष्ट तथ्याङ्कलाई स्थानीय तह अन्तर्गत सञ्चालित सामुदायिक विद्यायलयमा कक्षा १ देखि १२ सम्मका विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई तेस्रो त्रैमासिकभित्र विद्यालयहरुलाई पाठ्यपुस्तक वापतको रकम निकासा दिनुपर्दछ । यसरी रकम निकासा दिंदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई दिने र बाँकी २५ प्रतिशत रकम शैक्षिक सत्र २०७९ को विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र थप २५ प्रतिशत निकासा दिन सकिने व्यवस्था छ । पालिकाले भौ.नं. १३६।२०८०।१।७ बाट ४५ वटा विद्यालयहरुलाई ७५ प्रतिशत रु.२८,९२,५३०।- र भौ.नं. २०५।२०८०।३।१७ बाट नपुग रु.१०,९७,४४०।- गरी रु.३९,८९,९७०।- निकासा गरेको छ । पालिकाले विद्यालयको विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरण पेश गरेकोमा निम्नानुसार विद्यालयहरुलाई रु.६५,८३७।- बढि निकासा गरेकोले असुल गर्नुपर्ने रु.

| सि. नं . | विद्यालयको नाम | निकासा रकम | कैफियत |
|---|---|---|---|
| १ | सिद्धेश्वरी आ.वि. | ३१२० | |
| २ | जनजागृति मा.वि. | ५६३६ | |
| ३ | ज्योति मा.वि. | ५७०८१ | कक्षा ११ र १२ को वितरण भर्पाई पेश गर्नुपर्ने |
| जम्माः | | ६५८३७ | |

| असुल गर्नुपर्ने | ६५,८३७ |
|---|---|

४६ **प्रविधि हस्तान्तरण** (२२१-२०८०-३-१):

गरिबि निवारणको लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ को बुंदा नं. ४१(२) मा उद्यमीलाई उद्योगको प्रकृति, आवश्यकता र उद्योगबाट सिर्जना हुने रोजगारीका आधारमा प्रविधि उपलब्ध गराउने व्यवस्था छ । साथै उद्यमीलाई प्रविधि हस्तान्तरण गर्दा प्रविधिको कुल रकममा कार्यालयले प्रविधि प्राप्त गर्ने उद्यमीबाट आपूर्तिकर्ताले कबोल गरेको कुल अंकको कम्तीमा २० प्रतिशत रकम जम्मा गर्न लगाई बढिमा ८० प्रतिशत रकम मात्र कार्यालयले आपूर्तिकर्तालाई भुक्तानी गर्नुपर्ने उल्लेख छ । पालिकाले प्रविधि हस्तान्तरण अन्तर्गत भौ.नं. २२१।२०८०।३।१ बाट रु.३३,९००।- का दरले १० वटा गलैचा बनाउने तान खरिद गरी किङ्ग

मल्टिप्रपोज प्रा.लि.लाई रु.३,३९,०००।- भुक्तानी गरेको छ । पालिकाले उक्त सामान वितरण गरेको नदेखिएकोले सो वितरण गरी २० प्रतिशत रकम समेत असुल गरी पेश गर्नुपर्ने रु.

| प्रमाण पेश नगरेको | ३,३९,००० |
|---|---|

४७ **शिक्षक दरवन्दी र पदपूर्ति**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस पालिका अन्तर्गत ४५ वटा विद्यालयमा २१६ जना शिक्षक दरबन्दी भएकोमा २१६ जना पदपूर्ति र पदपूर्तिमध्ये १०८ जना करार/राहत शिक्षक रहेको देखिन्छ । दरवन्दी अनुसार पदपूर्ति हुनुपर्दछ । ति विद्यालयहरुमा विद्यालय तथ्याङ्क अनुसार कुल विद्यार्थी संख्या ८८८५ रहेको देखिन्छ । विद्यार्थी संख्याको तुलनामा शिक्षक बढी भएको विद्यालयबाट कम शिक्षक भएको विद्यालयमा शिक्षकको दरवन्दी मिलान एंव न्यून विद्यार्थी भएको विद्यालयहरु सम्भाव्यताको आधारमा समायोजन गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

४८ **छुट तलब तथा ग्रेड**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) बमोजिम सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले भौ.नं. १६१।२०८०।२।९ र भौ.नं. ७२१।२०८०।३।१७ बाट निम्नानुसार कर्मचारीहरुलाई छुट तलब भनी रु.३८,६७८।- भुक्तानी गरेकोमा सोलाई पुष्टि गर्ने कागजात पेश नभएकोले सो पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| सि.नं. | कर्मचारीको नाम | छुट रकम |
|---|---|---|
| १ | झुमा मोक्तान | २८९५० |
| २ | लक्ष्मण शाह | ९७२८ |
| जम्माः | | ३८६७८ |

| प्रमाण पेश नगरेको | ३८,६७८ |
|---|---|

४९ **मेड्पा कार्यक्रम**

गरिबि निवारणको लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ को बुंदा नं. ३९ मा तालिमबाट उत्पादित सामान वा वस्तुहरुको व्यवस्थित अभिलेख राखी त्यस्ता उत्पादनहरु परल मूल्यको पचास प्रतिशत छुट मूल्यमा सहभागीहरुलाई बिक्री गर्ने तथा यसरी बिक्री हुन नसकेमा सम्भव भएसम्म बिक्री वितरण वा प्रचार प्रसारको लागि कोसेली घर, सौगात गृह, बिक्री कक्ष वा प्रदर्शनी स्थलमा पठाउने र पठाउँदा पनि बिक्री नभएमा विवरण सहित कार्यालयमा बुझाई सात दिनभित्र स्टोर दाखिला गर्नुपर्ने व्यवस्था छ । यसरी बिक्री पश्चात प्राप्त रकम कार्यालयले तोकेको राजस्व खातामा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष मखमली जुत्ता चप्पल बनाउने, गलैंचा बुनाई लगायतका तालिम संचालन गरी रु.७,७३,६१४।- भुक्तानी गरेकोमा के कति सामान वा वस्तुहरु उत्पादन भए र सो बिक्री भए वा भएन यकिन गर्न सकिएन । सो यकिन गरी ती वस्तु तथा सामानहरु बिक्री गरी राजस्व खातामा दाखिला गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

५० **पोशाक खर्च**

निजामती सेवा नियमावली, २०५० को नियम ११९(क) मा प्रत्येक निजामती कर्मचारी कार्यालयमा उपस्थित हुंदा नेपाल सरकारले तोके बमोजिमको पोशाक लगाउनुपर्ने र सोको लागि प्रत्येक चैत्र महिनाको तलबसंगै पोशाक भत्ता भुक्तानी गर्ने व्यस्था छ । कर्मचारी अध्ययन बिदामा बस्दा कार्यालयमा उपस्थित हुन नपर्ने भएकोले पोशाक लगाउनु पर्ने देखिंदैन । पालिकाले अनमि चण्डिका श्रेष्ठ मिति

२०७८।८।१९ देखि अध्ययन बिदामा रहेको अवस्थामा समेत भौ.नं. १२५।२०७९।१२।२८ बाट रु.१०,०००।- पोशाक भत्ता भुक्तानी गरेकोले असुल हुनुपर्ने रु.

| असुल गर्नुपर्ने | १०,००० |
|---|---|

५१ **तलबी प्रतिवेदन**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० बमोजिम स्थायी शिक्षकहरुको तलबी प्रतिवेदन शिक्षा विकास तथा समन्वय इकाई मार्फत विद्यालय शिक्षक किताबखानाबाट पारित गराई तलब भत्ता भुक्तानी गर्नुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष तलबी प्रतिवेदन पारित नगरी तलब खर्च गरेकोले स्थायी शिक्षकहरुको तलब भत्ता, ग्रेड रकम एकिन गर्न सकिएन । तलब भत्ता खर्च गर्दा तलबी प्रतिवेदन पारित गरेर मात्र गर्नुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

५२ **सेनिटरी प्याड खरिद**

सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ बमोजिम विद्यालयहरुले छात्राहरुको संख्या एकिन गरी आवश्यक पर्ने सेनिटरी प्याड शिक्षा शाखा मार्फत माग गर्ने र शिक्षा शाखाले स्थानीय तहमा भएको शैक्षिक व्यवस्थापन सुचना प्रणालीको तथ्यांकसंग भिडान गरी विद्यालयलाई आवश्यक हुने संख्यामा सेनिटरी प्याड उपलब्ध गराउनुपर्ने र विद्यालयले प्राप्त गरेको सेनिटरी प्याडको अभिलेख जिन्सी खातामा व्यवस्थित रुपले राख्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष सामुदायिक विद्यालयको कक्षा ६ देखि १२ सम्मका छात्राहरुका लागि भौ.नं. १८१।२०८०।२।२५ बाट १२०९६ प्याकेट निशुल्क सेनिटरी प्याड खरिद गरी रु.९,८४,१३०।- भुक्तानी गरेकोमा विद्यालयहरुलाई हस्तान्तरण गरेको फाराम पेश गरेको देखिन्छ । पालिकाले प्याडको सुरक्षित भण्डारण गरी विद्यालयको माग बमोजिम निकासा दिने, वितरणको अभिलेख राखे नराखेको सम्बन्धमा अनुगमन गर्ने र वर्षान्तमा रहेको मौज्दातको आधारमा नै आगामी आर्थिक वर्षको लागि आवश्यक परिमाणको यकिन गरी खरिद गर्नुपर्ने व्यवस्था मिलाउनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

५३ **दोहोरो निकासा**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं. २.७.१३.५० मा IEMIS को आधारमा विद्यार्थी संख्या एकिन गरी प्रत्येक सामुदायकि विद्यालयको बालविकास कक्षामा अध्यनरत प्रति विद्यार्थी रु.५००।-, कक्षा १ प्रोटफोलियो समेत रु.१००।-, आधारभुत तह(कक्षा १-५) मा अध्यनरत प्रति विद्यार्थी रु.१५०।-, आधारभुत तह(कक्षा ६-८) मा अध्यनरत प्रति विद्यार्थी रु.२००।-, माध्यमिक तह(कक्षा ९-१०) मा अध्यनरत प्रति विद्यार्थी रु.२००।- र माध्यमिक तह(कक्षा ११-१२) मा अध्यनरत प्रति विद्यार्थी रु.२५०।- र OJT व्यवस्थापनको लागि कक्षा ९-१२ मा अध्यनरत प्रति विद्यार्थी रु.१५,०००।- का दरले शिक्षण सिकाई सामाग्री अनुदान निकासा दिने व्यवस्था छ । पालिकाले भौ.नं. २१३।२०८०।३।१७ बाट जनजागृति मा.वि.,का प्राविधिक धारतर्फ कक्षा ९ देखि १२ मा अध्यनरत ७६ जना विद्यार्थीहरुलाई OJT व्यवस्थापन वापत प्रति विद्यार्थी रु.१५,०००।- का दरले रु.११,४०,०००।- निकासा दिएकोमा पुन: बुक कर्नर वापत रु.१७,४००।- निकासा दिएको छ । OJT व्यवस्थापनको लागि निकासा दिई सकेपछि पुन: सोही विद्यार्थीको नाममा बुक कर्नर वापत रु.१७,४००।- निकासा दिएकोले सम्बन्धीत विद्यायलयबाट असुल गरी संघीय संचित कोष दाखिला गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | १७,४०० |
|---|---|

५४ **विद्यालय अनुगमन तथा निरीक्षण**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं. २.७.१३.५१ को १५.३ बमोजिम विद्यालय सुपरीवेक्षण तथा शिक्षकको पेसागत सहयोग अन्तर्गत सबै विद्यालयमा ३ महिनामा कम्तिमा १ पटक सुपरीवेक्षण गरी पेसागत सहयोगका लागि कक्षा अवलोकन, पृष्ठपोषण आदन प्रदान नमुना पाठ पर्दशन, छोटो अवधिको मागमा आधारित तालिम संचालन एवं शैक्षिक समस्या समाधानका लागि छलफल गर्ने गराउने र सो कार्यक्रमको लागि ५० विद्यालयसम्म भएका स्थानीय तहलाई रु. ७५ हजार, १०० विद्यालयसम्म भएका स्थानीय तहलाई रु. १ लाख, १५० विद्यालयसम्म भएका स्थानीय

तहलाई रु. १ लाख ५० हजार, सो भन्दा बढि विद्यालय भएका स्थानीय तहलाई रु. २ लाख रकम व्यवस्था भएकोले सो रकम खर्च गर्नसक्ने व्यवस्था छ । पालिकाले भौ.नं. २६८।२०८०।३।२२ बाट विभिन्न मितिमा विद्यालय अनुगमन तथा निरीक्षण गरेको भनी प्रतिवेदन पेश गरी रु.१,०००।- का दरले निम्नानुसार कर्मचारीहरुलाई रु.२,१०,०००।- भुक्तानी दिएको छ । यस स्थानीय तहमा सामुदायिक र निजी गरी ४८ वटा विद्यालय रहेकोमा रु.७५,०००।- खर्च गर्न सक्ने व्यवस्था छ । पालिकाले खर्च गर्न पाउने भन्दा बढि रु.१,१४,७५०।-(कर पछि) खर्च गरेकोले असुल गरी संघीय संचित कोष दाखिला गर्नुपर्ने रु.

| सि.नं. | कर्मचारीको नाम | दिन | रकम |
|---|---|---|---|
| १ | मान बहादुर बराल | १५ | १५००० |
| २ | अनिता खनाल | ४६ | ४६००० |
| ३ | रश्मी धिमाल | १५ | १५००० |
| ४ | पुरनचन्द्र आचार्य | २० | २०००० |
| ५ | मुकुन्द अर्याल | ३८ | ३८००० |
| ६ | मनोज थापा | ६ | ६००० |
| ७ | पवन खरेल | १० | १०००० |
| ८ | लुका आले | २५ | २५००० |
| ९ | कमला पन्थी | २० | २०००० |
| १० | सिताराम सुवेदी | १० | १०००० |
| ११ | विष्णुमाया आले | १० | ५००० |
| जम्माः | | | २१०००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,१४,७५० |

## ५५ छात्रवृत्ति वितरण

५५.१ (१७३-२०८०-२-२४):

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं. ७.२.१.१ को क्रियाकलाप ४.२ बमोजिम विद्यालयहरुलाई IEMIS को तथ्याङ्कको आधारमा विद्यार्थीहरु संख्या एकिन गरी स्थानीय तहले आवासीय तथा गैर आवासीय छात्रवृत्ति निकासा गर्ने र निकासा प्राप्त गरेपछि विद्यालयहरुले छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी संख्या, छात्रवृत्ति बुझेको भर्पाई र छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुको नामनमेसी सहितको विवरण पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले भौ.नं. १७३।२०८०।२।२४ बाट ४४ विद्यालयहरुका छात्रा तथा दलित छात्र छात्राहरुलाई प्रति विद्यार्थी रु.४००।- का दरले रु.१०,३५,२००।- भुक्तानी भएकोमा निम्नानुसार विद्यालयहरुले रु.२,१६,८००।- छात्रवृत्ति वितरण गरेको भर्पाई पेश नगरेकोले सो पेश गर्नुपर्ने रु.

| सि. नं . | विद्यालयको नाम | छात्रवृत्ति रकम |
|---|---|---|
| १ | लाटिकाली मा.वि. | ३८००० |
| २ | घरैउदेवी निगाले आ.वि. | ११६०० |
| ३ | जनजागृति आ.वि. | १३६०० |
| ४ | बाघ वच्छला आ.वि. | १२००० |
| ५ | बाघ भैरव आ.वि. | १३२०० |
| ६ | ज्योति मा.वि. | ४६००० |
| ७ | सुन्दरी आ.वि. | ६४०० |
| ८ | सिद्धेश्वरी आ.वि. | ८८०० |
| ९ | शिव शंकर आ.वि. | १०८०० |
| १० | शारदा आ.वि. | १३२०० |
| ११ | महाकालेश्वरी मा.वि. | ४३२०० |
| जम्माः | | २१६८०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,१६,८०० |

५५.२ त्यसैगरी निम्नानुसार विद्यालयहरुको छात्रवृत्ति वितरण गरेको भर्पाई परीक्षण गर्दा निकासा गरेको भन्दा कम रु.३२,८००।- भर्पाई पेश गरेकोले असुल गर्नुपर्ने रु.

| सि. नं . | विद्यालयको नाम | निकासा रकम | भर्पाई बमोजिम | बढि रकम |
|---|---|---|---|---|
| १ | अमर्खु मा.वि. | ४४४०० | ४१६०० | २८०० |
| २ | महाकाली देविस्थान आ.वि. | २३६०० | २२००० | १६०० |
| ३ | पन्चकन्या आ.वि. | २८८०० | २६००० | २८०० |
| ४ | जनकल्याण आ.वि. | ८००० | ६८०० | १२०० |
| ५ | आदर्श मा.वि. | ४०००० | ३७६०० | २४०० |
| ६ | भरैवि आ.वि. | १४००० | ११२०० | २८०० |
| ७ | माहाकाली आ.वि. | १४८०० | १३२०० | १६०० |
| ८ | जनता आ.वि. | १४४०० | १०००० | ४४०० |
| ९ | उडुवादेवी आ.वि. | ११६०० | ६००० | ५६०० |
| १० | सेतीदेवी मा.वि. | ५६८०० | ४९२०० | ७६०० |
| जम्माः | | २५६४०० | २२३६०० | ३२८०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३२,८०० |

५६ **नतिजामा आधारित प्रोत्साहन अनुदान**

शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट व्यवस्थापकीय तथा शैक्षिक सुधारमा उत्कृष्ट कार्य गरेका विद्यालय छनौट गरी आर्थिक वर्ष २०७९।०८० को वार्षिक कार्यक्रमका लागि बजेट निकासा गरेको छ । छनौट भएका विद्यालयहरुले व्यवस्थापकीय तथा शैक्षिक सुधारमा उत्कृष्ट कार्य गरेका विद्यालयलाई नतिजामा आधारित प्रोत्साहन अनुदानका लागि छनोटका आधार २०७९ को बुंदा नं. ६ अनुसार कार्यक्रम संचालन गर्ने व्यवस्था छ । साथै विद्यालयले प्रोत्साहन अनुदानबाट सञ्चालित कार्यक्रमको प्रगति प्रतिवेदन स्थानीय तहमा पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष छनोट भएका लिति महांकाल मा.वि.लाई भौ.नं. २४१।२०८०।३।२० बाट रु.५,००,०००।- भुक्तानी गरेकोमा प्रगति प्रतिवेदन पेश गरेको नदेखिएकोले सो पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,००,००० |

५७ **प्रशिक्षण भत्ता**

अर्थ मन्त्रालयबाट स्वीकृत भई जारी भएको कार्य संचालन निर्देशिका, २०७७ को बुंदा नं. ७.१.१५ बमोजिम सार्वजनिक निकायले संचालन गर्ने तालिम, गोष्ठि, सेमिनार तथा कार्यशालामा कक्षा लिए वापत रु.६००।- र कार्यपत्र वापत रु.७००।- गरी रु.१,३००।- पाउने उल्लेख छ । साथै सम्बन्धित कार्यालयले संचालन गरेको तालिममा सोही कार्यालयको स्रोत व्यक्ति भएको अवस्थामा कक्षा लिए वापतको पारिश्रमिक नपाउने तर कार्यपत्र वापतको रकम पाउने उल्लेख छ । पालिकाले निम्नानुसार कार्यक्रम संचालन गरी आफ्नै कार्यालयको स्रोत व्यक्ति भएको अवस्थामा पनि कक्षा लिए वापत १ सेसनको रु.१,४००।- का दरले रु.५२,१९०।- भुक्तानी गरेकोले असुल गर्नुपर्ने रु.

| भौ.नं. र मिति | कार्यक्रम | कर्मचारीको नाम | कक्षा संख्या | रकम(कर पछि) |
|---|---|---|---|---|
| २७८।०८०।३।२४ | CB-IMNCI को स्थलगत अनुशिक्षण ५ स्वा.चौ. र ६ आधारभुत स्वा.चौ. | कमल कुमार अधिकारी | २२ | १३०९० |
| | | लक्ष्मण शाह | ११ | ६५४५ |
| | | अप्सरा भण्डारी | ११ | ६५४५ |
| १८७।०८०।३।५ | स्वास्थ्य चौकिहरुमा न्यूनतम सेवा मापदण्ड | लक्ष्मण शाह | २० | ११९०० |
| | | कमल कुमार अधिकारी | १० | ५९५० |
| १८९।०८०।३।६ | ३ दिने व्यवसाय सचेतना तालिम | सुमित्रा बुलुन | ६ | ४०८० |
| | | इश्वरी लामिछाने | ६ | ४०८० |
| जम्मा | | | | ५२१९० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५२,१९० |

५८ **अनुगमन भत्ता**

अर्थ मन्त्रालयबाट स्वीकृत भई जारी भएको कार्य संचालन निर्देशिका, २०७७ को बुंदा नं. ७.१.१५ बमोजिम सार्वजनिक निकायले संचालन गर्ने तालिम, गोष्ठि, सेमिनार तथा कार्यशालाको अनुगमन गरे वापत अनुगमन भत्ता पाउने उल्लेख गरेको देखिंदैन । पालिकाले निम्नानुसार कार्यक्रम संचालन गरी रु.१,०००।- का दरले रु.६२,०५०।- अनुगमन भत्ता भुक्तानी गरेकोले असुल गर्नुपर्ने रु.

| भौ.नं. र मिति | तालिम कार्यक्रम | कर्मचारीको नाम | दिन | रकम कर पछि |
|---|---|---|---|---|
| २७८।०८०।३।२४ | CB-IMNCI को स्थलगत अनुशिक्षण | मान बहादुर बराल | ७ | ५९५० |
| | | रश्मी धिमाल | ७ | ५९५० |
| | | पवन खरेल | ५ | ४२५० |
| १८७।०८०।३।५ | स्वास्थ्य चौकिहरुमा न्यूनतम सेवा मापदण्ड | मान बहादुर बराल | ५ | ४२५० |
| | | रश्मी धिमाल | ५ | ४२५० |
| | | पुरनचन्द्र आचार्य | ५ | ४२५० |
| | | पवन खरेल | ५ | ४२५० |
| | | मनोज थापा | २ | १७०० |
| ७५।०७९।१०।२५ | सामाजिक सुरक्षा भत्ता वितरण शिविर | सबिन सिंह चौधरी | ४ | ३४०० |
| | | रश्मी धिमाल | ४ | ३४०० |
| | | मनोज थापा | ४ | ३४०० |
| | | रामशरण शदाशंकर | १० | ८५०० |
| | | कृष्ण बस्नेत | १० | ८५०० |
| जम्माः | | | | ६२०५० |

| असुल गर्नुपर्ने | ६२,०५० |
|---|---|

५९ **प्रतिवेदक प्रारिश्रमिक**

अर्थ मन्त्रालयबाट स्वीकृत भई जारी भएको कार्य संचालन निर्देशिका, २०७७ को बुंदा नं. ७.१.१५ बमोजिम सार्वजनिक निकायले संचालन गर्ने तालिम, गोष्ठी, सेमिनार र कार्यक्रममा प्रतिवेदकलाई १ दिनको कार्यक्रममा रु.१,०००।- र १ दिन भन्दा बढिको कार्यक्रममा थप रु.५००।- गरी रु.१,५००।- दिन सक्ने व्यवस्था छ । पालिकाले निम्नानुसार कार्यक्रम संचालन गर्दा नर्म्स भन्दा बढि रु.१२,७५०।- भुक्तानी गरेकोले असुल हुनुपर्ने रु.

| सि.नं. | भौ.नं. र मिति | कार्यक्रम | प्रतिवेदक | भुक्तानी रकम | बढि भुक्तानी(कर कट्टी पछि) |
|---|---|---|---|---|---|
| १ | १५५।२०८०। २।८ | सहभागितामुलक ग्रामिण लेखाजोखा कार्यक्रम | सुमित्रा बुलुन | ६००० | ३८२५ |
| २ | १५६।२०८०। २।८ | उद्यम विकासका लागि सामाजिक परिचालन अन्तर्गत वडास्तरीय अभिमुखीकरण | इश्वरी लामिछाने | ६००० | ३८२५ |
| ३ | १८९।२०८०। ३।६ | ३ दिने व्यवसाय सचेतना तालिम | इश्वरी लामिछाने | ३००० | १२७५ |
| ४ | १८२।०८०।२। २९ | श्रमको सम्मान राष्ट्रको अभियान | दिपा घिमिरे | ३००० | १२७५ |
| ५ | २२२।२०८०। ३।१ | मखमली जुत्ता चप्पल बनाउने तालिम | इश्वरी लामिछाने | ३००० | १२७५ |
| ६ | ५३।०८०।२। २२ | इमिस तालिम संचालन | अनिता खनाल | ३००० | १२७५ |
| जम्माः | | | | | १२७५० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १२,७५० |

६० **बढि ग्रेड**

निजामती सेवा नियमावली, २०५० को नियम ९१ बमोजिम तलब तथा ग्रेड रकम पाउने व्यवस्था छ । पालिकाले निम्नानुसार कर्मचारीहरुलाई मिति २०७९।१२।६ को निर्णयानुसार मिति २०७९।१०।१ देखि जेष्ठता कायम हुने गरी स्तरवृद्धि गरी बैशाखबाट थप १ ग्रेड रु.९,६१६।- भुक्तानी गरेकोले असुल हुनुपर्ने रु.

| सि.नं. | कर्मचारीको नाम | ग्रेड रकम |
|---|---|---|
| १ | झुमा मोक्तान | ४८०८ |
| २ | लक्ष्मण शाह | ४८०८ |
| जम्माः | | ९६१६ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९,६१६ |

६१ **नाफामुलक संस्थालाई भुक्तानी**

स्थानीय सरकार संचालन ऐन,२०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ प्रदेश तथा स्थानीय सरकारको रकम पुर्वाधार विकास तथा दीर्घकालिन पुजी निर्माण हुने कार्यमा खर्च गर्नु पर्ने व्यबस्था उल्लेख छ।पालिकाले नाफा कमाउँने उद्धेश्यले स्थापित संस्थाहरुलाई निम्न भौचर नं बाट अनुदान भुक्तानी गरेको देखियो।नाफामुलक संस्थालाई भुक्तानी भएको अनुदान खर्च रकम नियमसम्मत नदेखिएको रु

| भौचर नं र मिति | भुक्तानी पाउँने | प्रयोजन | रकम |
|---|---|---|---|
| ६५७, ३।४ | भूमेस्थान साना किसान कृषिसहकारी संस्था लि | सामान खरिदको बील भुक्तानी | २९६०४८ |
| ५४६, २।३ | मजदुर सेवा समाज | सामान खरिदको बील भुक्तानी | ४८६०० |
| ५०७, १।११ | ए वान मन्टेश्वरी | सामान खरिदको बील भुक्तानी | १२०००० |
| ३५५, ११।२ | मेडी एण्ड हेल्थ केयर प्रा लि | आर्थिक सहायता | ५०००० |
| जम्मा | | | ५१४६४८ |

| अनियमित भएको | ५,१४,६४८ |
|---|---|

## ६२ कार्यक्रम प्रतिबेदन

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ को ८ मा स्वीकृत कार्यक्रम अनुसार कार्यक्रम सम्पन्न भएपछि त्यस्तो कार्यमा भएको खर्च, खरिद गरिएको मालसामानको विबरण तथा विल भर्पाई सहित कार्यक्रममा उपस्थित तथा कार्यक्रमबाट लावान्भित व्यक्तिको संख्या र उपस्थिति समेत समावेश गरी प्रतिबेदन तयार गर्नु पर्ने उल्लेख छ। पालिकाले निम्न कार्यक्रम बापतको खर्च भुक्तानीमा कार्यक्रम प्रतिबेदन वेगर खर्चका वील भर्पाईका आधारमा भुक्तानी गरेको देखियो।तसर्थ कार्यक्रम सम्पन्नको प्रतिबेदन तथा कार्यसंग सम्बन्धित खर्चका आवश्यक वील भर्पाई र प्रमाणका आधारमा मात्र भुक्तानी दिने तर्फ पालिकाले ध्यान दिनु पर्दछ।

| भौचर नं र मिति | विबरण | खर्च रकम | कैफियत |
|---|---|---|---|
| ५०९, १।१२ | बालबालिका क्षमता विकास कार्यक्रम | २, ०० , ००० | राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताका लागि सामान खरिद उल्लेख भएता पनि कहिले खेल सम्पन्न कहाँ र कुन<br><br>कुन खेलाडी तथा खेलको संलग्रता भएको भन्ने विस्तृत विबरण सहितको प्रतिबेदन संलग्न नभएको। |
| ४९०, २।४ | मेलमिलापकर्ता तालिम कार्यक्रम | २८६६६४ | १२। ३ देखि १० सम्म संचालन<br><br>भएको उल्लेख भएतापनि उक्त तालिममा कसले प्रशिक्षण कार्य गरेको कुन विषयमा साथै<br><br>कार्यपत्र समेत संलग्न नराखी कार्यक्रम प्रतिबेदन बेगर खर्च भुक्तानी गरेको। |
| ३७८, ११।२१ | नृत्य प्रतियोगिता कार्यक्रम | २९१८५१ | चण्डीभुमी आ वि लाई भुक्तानीमा कार्यक्रम प्रतिबेदन संलग्न नभएको। |

| सैद्धान्तिक बेरुजु |
|---|

## ६३ जिन्सी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ९५ मा कार्यालय प्रमुखले कार्यालयमा रहेको र खरिद गरी वा नगरी कनै प्रकारले हस्तान्तरण भई प्राप्त हुन आएको सम्पत्ती तथा जिन्सी समानको विबरण र मुल्य समेत खुलाई लगत अद्यावधिक गरी राख्नु पर्ने साथै नियम ९९ मा जिन्सीको मौजुदा अवस्थाको सम्बन्धमा स्वीकृत ढाँचामा जिन्सी निरीक्षण प्रतिबेदन तयार गर्नु पर्ने व्यबस्था उल्लेख छ ।पालिकाले नियमाली विपरित जिन्सी सामान तथा सम्पत्तीको लगत अद्यावधिक गरेको छैन।कुन समाग्री कसको जिम्मा वा प्रयोगमा छ भन्ने सम्मको विबरण राखेको छैन।तसर्थ तोकिएको प्रकृया र ढाँचामा लगत अद्यावधिक गरी राख्नु पर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

## ६४ कृषि अनुदान

सार्वजनिक निकायबाट उपलब्ध गराएको अनुदानको सही सदुपयोग भए नभएको यकिन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नु पर्दछ ।पालिकाले कृषि कार्यक्रमा रु १८ लाख ७६ हजार कुल अनुदान खर्च गरेकोमा, कृषि प्रबर्द्धन कार्यक्रम, विभिन्न कृषि पकेट कार्यक्रम,कृषि सामाग्री खरिदमा दिएको निम्न बमोजिमको अनुदान रमकको पालिकाबाट सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलब्धी मापन गरेको छैन।साथै अनुदान सम्बन्धमा स्पष्ट स्थानीय अनुदान नीति तथा कार्यविधि नबनाई भुक्तानी भएको र प्लास्टिक टनेल र पोखरी निर्माणका लागि सामाग्री वितरण भएकोमा निर्माण सम्पन्न भएको नापजाच सहितको प्रमाण संलग्न भएको देखिएन।तसर्थ पालिकाले अनुगमनलाई प्रभावकारी बनाई संघ, प्रदेश तथा स्थानीय तह र वडा मार्फत वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी स्पष्ट कार्यविधि बनाई आवश्यकता अनुसार प्राविधिक मुल्यांकन गरेर मात्र दिनु पर्दछ।

| कार्यक्रमको नाम | खर्च रकम | कैफियत |
|---|---|---|
| कृषि उपकरण वितरण कार्यक्रम | ५९१६७ | संघीय ५० प्रतिशत अनुदानमा |
| तरकारीको बीउ वितरण | ९९४००० | संघीय ५० प्रतिशत अनुदानमा |
| प्लास्टिक पोखरी निर्माण | ३७५०६१ | संघीय ५० प्रतिशत अनुदानमा |
| प्लास्टिक टनेल हाउस निर्माण | ३२९९५५ | संघीय ५० प्रतिशत अनुदानमा |
| यान्त्रिक प्रबर्द्धन कार्यक्रम | ११८५७४ | प्रदेशको ५० प्रतिशत अनुदानमा |

सैद्धान्तिक बेरुजु

## ६५ वडाले खरिद

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ५ मा सार्वजनिक निकायको खरिद एकाईले महाशाखा शाखाबाट खरिद माग गरी सो मागको आधारमा मात्र खरिद कार्य गर्नु पर्ने व्यबस्था उल्लेख छ।पालिकाले नियमावली र केन्द्रीकृत खरिद प्रकृया विपरित वडाहरु मार्फत खरिद भएका कार्यहरुको भुक्तानी गरेको छ।पालिकाले तोकिएको प्रकृया बमोजिक खरिद कार्य गर्नु पर्दछ।वडाले खरिद गरेका केही उदाहरणहरु यस प्रकार रहेको छ।

| भौचर नं र मिति | विबरण | भुक्तानी भएको रकम |
|---|---|---|
| ४९१, ३।२३ | आहुति युवा क्लबको जिम सामाग्री खरिद | ९, १८ , १२१। |
| ५४८, २।३ | वडा नं ६ ७ र ११ ले ल्यापटप खरिद | ६, ०८ , ०००। |
| ३६४, ११।१२ | वडा नं ३ ले समावेशी टोल विकास समुहका लागि क्याटरिङका सामान खरिद | ४, ४७ , ०००। |
| ८१, ७।४ | वडा नं ३ ले ल्यापटप वाटर पम्प कुटानी पिसानी मिल खरिद | ४, १० , ०००। |

सैद्धान्तिक बेरुजु

## ६६ पत्रपत्रिका, विज्ञान छपाई

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७३ (६) मा सरकारी रकम खर्च गर्दा मितव्ययीता, प्रभावकारीता, कार्यदक्षता र औचित्य समेत कायम गर्न आवश्यक व्यबस्था मिलाउँनु पर्ने व्यबस्था उल्लेख छ।पालिकाले यस बर्ष पत्रपत्रिका, विज्ञान छपाईमा मात्र रु २४ लाख ९९ हजार खर्च गरेको देखियो।खर्च न्यूनिकरणका लागि सार्वजनिक खरिद ऐन तथा नियमावलीले तोकीएको व्यबस्था अनुसार प्रतिस्पर्धाको माध्यमबाट बार्षिक रुपमा सेवा खरिदको सम्झौता गरी कार्यान्वयन गर्ने तर्फ ध्यान दिनु पर्दछ।

सैद्धान्तिक बेरुजु

## ६७ सोझै खरिद

सार्वजनिक खरिद नियमावली, २०६४ मा खरिद कार्य गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा गरी गर्न नहुने तथा सोही नियमावलीको नियम ८५(१ख) मा एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी उल्लेखित सिमा भन्दा बढी रकमको एउटै व्यक्ती, फर्म, कम्पनी वा संस्थाबाट सोझै खरिद गर्न नहुने व्यबस्था उल्लेख छ ।पालिकाले बार्षिक कार्यक्रम अनुसार खरिद योजना तयार गरी मिल्दो खरिद कार्यको प्याकेज बनाई सिलबन्दी दरभाउपत्र र बोलपत्रको माध्यमबाट खरिद गर्नु पर्नेमा मसलन्द तथा कार्यालय सामाग्री खरिद कार्य गर्दा नियम बिपरित टुक्रा पारी रु २० लाख ७७ हजारको मसलन्द तथा कार्यालय सामाग्री सोझै खरिद गरेको देखियो।खरिद कार्यलाई थप प्रभावकारी र मितव्ययी बनाउंन प्रतिस्पर्धात्मक विधिबाट खरिद गरी खर्च लेख्नुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

६८ **अन्य निकायको खर्च**

नेपाल सरकार मातहतका सवै निकायहरुको आबश्यक कार्यक्रमका लागि आबश्यक बजेट व्यबस्था गरेको हुन्छ ।जुन रकम नपुग भएमा तालुक निकायसंग नै माग गर्नु पर्दछ ।तर पालिकाले देहायको भौचरबाट आफ्नै बजेट विनियोजन भएको निकायको कार्य प्रयोजनको लागि भुक्तानी गरेको देखियो।पालिकाले अन्य निकायबाट संचालन भएको कार्यक्रमको खर्च भुक्तानी दिने कार्यमा नियन्त्रण गर्नु पर्दछ ।

| भौचर नं र मिति | विबरण | भुक्तानी | रकम |
|---|---|---|---|
| ६६७, ३।४ | सामान खरिदको बील भुक्तानी | शसस्त्र प्रहरी बल आश्रित गुल्म | ९९९१४। |
| ५२८, १।२५ | फर्निचर खरिदको बील भुक्तानी | ईलाका प्रहरी कार्यालयका लागि | ४९०५३। |

| सैद्धान्तिक बेरुजु |
|---|

६९ **बढि निकासा**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं. २.१ बमोजिम स्थानीय तहले शिक्षकको तलब भत्ता निकासा गर्दा कायम भएको शिक्षक दरवन्दी, शिक्षक अनुदान कोटा, प्राविधिक तर्फका अनुदानमा कार्यरत शिक्षकहरुको लागि विद्यालयहरुबाट प्राप्त माग फाराम रुजु गरी उपलब्ध गराउने तथा स्थायी शिक्षकहरुको तलबी प्रतिवेदन शिक्षा विकास तथा समन्वय इकाई मार्फत विद्यालय शिक्षक किताबखानाबाट पारित गराई सोही प्रतिवेदनको आधारमा निकासा उपलब्ध गराउने व्यवस्था छ । साथै अवकास प्राप्त तथा राजिनामा गरेका शिक्षकहरुको तलब भत्ता निकासा गर्दा कार्यरत दिनसम्मका लागि र सरुवा भई आउने शिक्षकको रमाना अनुसार निकासा गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार शिक्षकहरुको तलब भत्ता निकासा गर्दा रु.५०,६६९।- बढि निकासा भएकोले सम्बन्धित विद्यालयबाट फिर्ता गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु.

| सि.नं. | विद्यालयको नाम | शिक्षकको नाम | निकासा हुनुपर्ने | निकासा भएको | बढि निकासा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | राष्ट्रिय आ.वि. | निर्मला लामिछाने | ३१४१२ | ३४९०२ | ३४९० | २०७९।१२।२८ मा राजिनामा |
| २ | लिति महांकाल मा.वि. | शिव प्रसाद अर्याल | ३१४१२ | ३४९०२ | ३४९० | २०७९।१२।२८ मा राजिनामा |
| ३ | जनजागृति मा.वि. | इश्वरलाल कर्ण | | | ४३६८९ | चाडपर्व खर्च दोहोरो |
| जम्माः | | | | | ५०६६९ | |

| असुल गर्नुपर्ने | ५०,६६९ |
|---|---|

७० **गाउँपालिका भवन**

गाउँपालिका भवन रू.५,६८,५४,०८७।०७ को लागतमा मिति २०७८।८।२८ मा सम्पन्न गर्ने गरी मिति २०७७।२।१ गते निर्माण व्यवसायी च्याङमिला/कौसिक जे.भी. सँग सम्झौता भएको थियो । पालिकाले मिति २०८०।३।३० गतेसम्म म्याद थप गरेको छ । यससम्बन्धमा देखिएका व्यहोरा निम्न अनुसार छन्:

(क) निर्माण व्यवसायीलाई निर्माण कार्य वापत म्याद थप गर्दा बैङ्क जमानत र बीमाको म्याद त्रुटी सच्चाउने अवधिसम्मको अर्थात् कार्यसम्पन्न हुने अन्तिम मितिबाट १३ महिनासम्मको हुनुपर्दछ । पालिकाले निर्माण व्यवसायीलाई बीमा वापत म्याद थप हुनु अगावै रु.४,२१,७५१।९६ भुक्तानी दिएकोमा २ पटक म्याद थप गर्दा बीमाको म्याद बढाएको प्रमाण पेस भएन । तसर्थ निर्माण व्यवसायीबाट बीमा वापतको रकम असुल गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,२१,७५१.९६ |

७१ **भेरियसन**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४(१) मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिती सम्झौता कार्यान्वयनका क्रममा सृजना भएमा कारण खुलाई अधिकार प्राप्त अधिकारीले भेरिएशन गर्नसक्ने व्यवस्था छ । आयोजनाले सञ्चालन गरेका ५ ठेक्काहरुमा ३.७३ देखि ५८.५७ प्रतिशतसम्म भेरिएशन गरी भुक्तानी गरेको पाइयो । कतिपय निर्माण कार्यको शुरु विल भुक्तानीका वखत देखिनै भेरिएशन गरेको छ । यसबाट फिल्ड अवस्थाको पर्याप्त जानकारी तथा सर्वेक्षण नभई ठेक्का व्यवस्था गरेको देखिएकोले निर्माण कार्यको वास्तिविक अवस्थाका आधारमा लागत अनुमान तयार गरी शुरु चरणदेखिनै भरिएशन गरी भुक्तानी गर्ने कार्यमा सुधार गर्नुपर्ने देखिन्छ ।

| क्र.स. | विवरण | ठेक्का नं. | शुरु लागत अनुमान | भेरियसन पछिको लागत अनुमान | भरियसन | भेरियसन प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | महादेवबेसी हाप्सिचौर सडक | ०१।०७९।८० | १९९०७९९६.३५ | २२०७२९६६.५० | २१६४९७०.१५ | १३.४६ |
| २ | आठ- किला चिउरीपाटी सडक | ०२।०७९।८० | १९९१४९२७.१६ | २३७५८७०४.१५ | ३८४३७७६.९९ | २०.३२ |
| ३ | धार्के धारेखोला भुजेलगाउँ बातासे सडक | ०३।०७९।८० | १८९४०७४०.२२ | २१२२६५२२.८६ | २२८५७८२.६४ | १४.५४ |
| ४ | धाडे देवीस्तान कुचुली भाङज्याङ सुली खोला सडक | ०४।०७९।८० | ११९२१५१५.६९ | १२३३७०९४.५९ | ४१५५७८.९० | ३.७३ |
| ५ | गाउँपालिका भवन जाने बाटोन र पर्खाल निर्माण | १२।०७९।८० | ७४९९१२६.३५ | ११८६५११३.२७ | ४३६५९८६.९२ | ५८.५७ |
| | जम्मा : | | ७८१८४३०५.७६ | ९१२६०४०१.३६ | -१३०७६०९५.६० | |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

७२ **मदन भण्डारी महाविद्यालय**

मदन भण्डारी महाविद्यालय भवन निर्माण गर्न रू.३,७५,५९,३१३।– को लागतमा मिति २०८१।२।१२ गते सम्पन्न गर्ने गरी मिति २०७९।२।१२ मा ज्ञान ज्योति बिल्डर्ससँग सम्झौता भएको थियो । लेखापरीक्षण अवधिसम्म निर्माण व्यवसायीलाई रू.१,९३,३७,६३२।२२ खर्च भएको विवरण पेस भएको छ । यससम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेको छः

७२.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । निर्माण व्यवसायीलाई BOQ मा बैङ्क कमिसन वापत रू.२,००,०००।– पि.एस. आइटम राखी भुक्तानी दिएको छ । निर्माण व्यवसायीले बैङ्क कमिसनको बिल पेस नगरेकोले उक्त रकम असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,००,००० |

७२.२ मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ मा मूल्य अभिवृद्धि करमा दर्ता भएको फर्मले रितपूर्वकको बिल जारी गर्नुपर्दछ । निर्माण व्यवसायीले रितपूर्वकको बिल जारी गरेको नदेखिएकोले निर्माण व्यवसायीले भुक्तानी लिएको मूल्य अभिवृद्धि कर मध्ये ७० प्रतिशत

मूल्य अभिवृद्धि कर सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा बुझाएको प्रमाण पेस हुनुपर्ने अन्यथा असुल गर्नुपर्ने रू.

| भौ.नं./मिति | बिल रकम | मू.अ. कर | पि.एस. | ७० प्रतिशतले हुने मू.अ. कर |
|---|---|---|---|---|
| १०।२०७९।११।४ | ११५१३४२३।२१ | १४९६७४५ | १३२६२४७८ | १०४७७२२ |
| २२।२०८०।२।११ | ४२६२३७८ | ५५४१०९ | ५००२२९९ | ३८७८७६ |
| जम्मा | १५७७५८२२ | २०५०८५४ | १८२६४७७७ | १४३५५९८ |

| प्रमाण पेश नगरेको | १४,३५,५९८ |
|---|---|

७३ **परामर्श तथा डिपिआर खर्च**

बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| सि नं | कामको विवरण | परार्मशदाताको नाम | स्वीकृत बजेट | खर्च बजेट | योजाना को लागत अनुमान |
|---|---|---|---|---|---|
| १ | सिमलडाडाँ सडक | छिन्नमस्ता मल्टि ईञ्जिनयरिङ्ग सोलुसन प्रा.लि. जावालाखेल | ५००००० | ३४९९६२ | ३९१६१६८४ |
| २ | गा.पा. भवन (interior Design) | पावर नेपाल कन्स्ट्रक्सन एण्ड सप्लायर्स | ५००००० | ४८८९५१ | ६५९२८३० |
| ३ | सरस्वती पार्क निर्माण | L जेट/एक्स ईञ्जिनियिङ्ग कन्सल्टेन्सी प्रा.लि. सुकेधारा, काठमाडौं | ५००००० | ५००००० | ६५८४८५५४ |
| ४ | Primary Hospital (B1)15 Bed | सिभिल वर्क्स कन्सल्टेन्सी प्रा.लि. | १७००००० | १७००००० | ३३३८९३८९४ |
| ५ | धार्के धारेखोला भुजेलगाउँ बातासे सडक | टेक्नो टेक ईञ्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि. | ५००००० | ५००००० | ३३१२६४१८ |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन।

| सैद्धान्तिक बेरुजु |
|---|

७४ **कार्यसम्पन्न नभएको**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य, आपूर्ति गरेको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार गरेको कार्यस्वीकार प्रतिवेदन तयार गर्नुपर्ने र नियम १२५ मा खरिद सम्झौता बमोजिम निर्माण कार्यको कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ । पालिकाले देहायका कामको लागि रकम उपलब्ध गराएकोमा लेखापरीक्षण अवधिसम्म पनि कार्यस्वीकार तथा कार्यसम्पन्न प्रतिवेदन पेस नभएकोले सोको प्रमाण पेस गर्नुपर्दछ ।

| गो.भौ.नं/मिति | विद्यालयको नाम | कार्यक्रम | रकम |
|---|---|---|---|
| २७।२०८०।३।१७ | नवज्योति आधारभूत विद्यालय | आइसिटी ल्याब | ६४३८७४ |
| ३०।२०८०।३।१८ | सिद्धेश्वर आधारभूत विद्यालय | आइसिटी ल्याब | ६४५२३० |
| | | जम्मा | १२८९१०४ |

| सैद्धान्तिक बेरुजु |
|---|

७५ **कार्यसम्पन्न नहुँदै कार्यस्वीकार प्रतिवेदन**

५०३।२०८०।३।२४, २।२०८०।३।७, ४४२।२०८०।३।७ पालिकाले निर्माण व्यवसायीलाई जि.स.स. अनुदानबाट रू.१,३२,००,०००।- र पालिका पुँजीगतबाट रू.९२,६६,०००।– समेत रू.२,२४,६७,०००।– भुक्तानी दिएको छ । निर्माण व्यवसायीले पुरा काम नसक्दै पूर्व निर्धारित क्षतिपूर्तिबाट जोगाउने उद्देश्यबाट कार्यस्वीकार प्रतिवेदन तयार गरी रकम भुक्तानी दिएको पाइयो । निर्माण व्यवसायीलाई काम वापत अझै रू.१०,४८,५६०।– भुक्तानी दिन बाँकी भएको पालिकाले जानकारी दिएको छ । लेखापरीक्षण अवधि २०८०।६।१४ सम्म पालिकाको भवन निर्माण भएको स्थलगत अवलोकन गर्दा भवनको पछाडि भागको काम अझै बाँकी देखिन्छ । तसर्थ कार्य पूरा नभै भुक्तानीको लागि कार्यबिल तयार गर्ने तथा कार्यस्वीकार प्रतिवेदन तयार गर्ने प्राविधिक तथा कार्यपालिका समेतलाई जिम्मेवार बनाइ छानबिन गरी प्रतिवेदन पेस हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७६ **ठेक्का अभिलेख**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

७७ **ठेक्का व्यवस्था**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिशपर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वियन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा ०.४७ देखि ४२.१० प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वियन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| सि नं | कामको विवरण | ठेक्का नं | लागत अनुमान | सम्झौता रकम भ्याट सहित | घटी प्रतिशत |
|---|---|---|---|---|---|
| १ | महादेवबेसी हाप्सिचौर सडक | ०१।०७९।०८० | १९९०७९९६.३५ | १४७०८२३३.४४ | २६.१२ |
| २ | आठ-किला चिउरीपाटी सडक | ०२।०७९।०८० | १९९१४९२७.१६ | १६५९४५७०.४७ | १६.६७ |
| ३ | धार्के धारेखोला भुजेलगाउँ बातासे सडक | ०३।०७९।०८० | १८९४०७४०.२२ | १६३७४९८७.८५ | १३.५५ |
| ४ | धाडे देवीस्तान कुचुली भाङज्याङ सुली खोला सडक | ०४।०७९।०८० | ११९२१५१५.६९ | ९६१६३७७.७८ | १९.३४ |
| ५ | महाकाली क्याम्पस बैठक हल भवन | ०५।०७९।०८० | ११०३६२७२.४१ | ७५८०९३३.१६ | ३१.३१ |
| ६ | सिम अमरखाउ बेसिमल्डम डंडागन ल्यान्डस्केप पर्यटकीय सडक | ०६।०७९।०८० | ९९९५११०.६५ | ७०६२६९९.३० | २९.३४ |
| ७ | दमचौर पोखरीचौर पर्यटकीय सडक | ०७।०७९।०८० | ९९९८०५०.६० | ७७६७३५६.५५ | २२.३१ |
| ८ | सातघुमती जङ्गेखोला सडक | ०८।०७९।०८० | ५४९८१८५.३३ | ४९४३८०७.४८ | १०.०८ |
| ९ | बालुवाफाँट पहिरे बत्तिसे सडक स्तरुन्नती | १०।०७९।०८० | २४९३७७९.९९ | २२१९७०३.७९ | १०.९९ |
| १० | महादेवबेसी कृष्ण भञ्ज्याङ हलुम गोगनपानी सडक | ०९।०७९।०८० | ६४९८२०२.७२ | ४४२०४६३.६४ | ३१.९७ |
| ११ | महादेव:बेसी मराङघाट क्षेत्र निर्माण तथा रक्षा | ११।०७९।०८० | ८९९८५७५.३५ | ५२१०३९१.६० | ४२.१० |
| १२ | गाउँपालिका भवन जाने बाटो र पर्खाल निर्माण | १२।०७९।०८० | ७४९९१२६.३५ | ४७२८८७२.९३ | ३६.९४ |
| १३ | कभर्ड हल र खेल मैदान आफैं निर्माण | १३।०७९।०८० | १९९८९५०८.२९ | १२८१५८७९.९२ | ३५.८९ |
| १४ | आचार्य पोखरी पण्डित ओपन भुजेलागाउन फेस-२ मा आचार्य पोखरी पण्डित | १४।०७९।०८० | ५९९९४८५.८३ | ५९७११७४.८९ | ०.४७ |
| | जम्मा : | | १५८६९१४७६.९३ | १२००१५४५२.८० | |

सैद्धान्तिक बेरुजु

७८ **गाउँपालिका जाने बाटो र पर्खाल निर्माण**

गाउँपालिका जाने बाटो र पालिका भवनको पर्खाल निर्माण गर्न रू.४२,२८,८७२।९३ को लागतमा मिति २०८०।७।१४ भित्र कार्यसम्पन्न गर्ने गरी मिति २०८०।१।२० गते प्रसुन निर्माण सेवासँग सम्झौता भएको थियो । यससम्बन्धमा देखिएका व्यहोरा निम्न अनुसार छन्:

७८.१ पालिकाले निर्माण व्यवसायीसँग सम्झौता भएपछि थप काम गर्नु परेको भनि सम्झौता रकमको ५६ प्रतिशत भेरिएसन गरी काम गराएको छ । पालिकाले रू.२६,४८,१६९।– भेरिएसन गरी रू.७३,७७,०४२।– सम्झौता रकम कायम गरेको छ । ५६ प्रतिशत भेरिएसन हुने गरी गरेको लागत अनुमान प्रति प्रश्न गर्नुपर्ने स्थिति छ । तसर्थ इष्टिमेट गर्ने प्राविधिकलाई जिम्मेवार बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

७८.२ निर्माण व्यवसायीले कार्य गरेको स्थानमा ईञ्जिनियर समेतको रोहवरमा स्थलगत अवलोकन गर्दा पालिका भवनको पश्चिमपट्टी साइटमा सिमेन्टको जोडाइ गरी लगाएको ढुङ्गाको पर्खाल स्टेप नगरेको कारण धेरै अग्लो देखिएको, पर्खालको उचाइ अनुसार बाहिरी मुख स्लोप नगरेको कारण वाल चर्किएको, केही स्थानमा भासिने जोखिम रहेको, वालको बाहिरी मुख झुकेको तथा स्टेप नमिलेको कारण त्रुटी सच्चाउने अवधिभित्रै भत्कने जोखिम देखियो । साथै वर्षाको समयमा भत्कन सक्ने अवस्था छ । निर्माण व्यवसायीको काम गर्ने म्याद

२०८०।७।१४ सम्म हुँदा हुँदै २ महिनाभित्रै जबरजस्ती काम गर्दा प्राविधिक रुपले कमजोर देखिएकोले नापी गर्ने प्राविधिक, निर्माण व्यवसायी समेतलाई जिम्मेवार बनाई छानबिन हुनुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७३,५५,५५६.५६ |

७९ **इन्धन बढी खर्च**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ। उपभोक्ता मार्फत काम गराउँदा दर विश्लेषण अनुसारको परिमाण र रकमको आधारमा दिनुपर्दछ । देहायका उपभोक्ता समितिलाई रकम दिएको बिल भरपाई लगायतका फाँटबारी परीक्षण गर्दा उपभोक्ताले आवश्यक पर्नेभन्दा अस्वभाविक इन्धनको बिल राखी रकम भुक्तानी लिएको देखियो । सामान्यतया ब्रेकर प्रयोग नहुने जेसिबी तथा डोजरमा प्रति घण्टा बढीमा १० लिटर इन्धन खपत हुने सडक विभागको नर्म्स रहेको छ । देहायका उपभोक्ताले मेसिन प्रयोग भएको घण्टा भन्दा बढी परिमाण इन्धन खपत भएको देखाई बढी भुक्तानी लिएको देखियो । तसर्थ बढी इन्धनको बिल राखी भुक्तानी लिने उपभोक्ता समितिसँग प्रति लिटर औसत मूल्य रु.१७८।– को दरले हुने रकम उपभोक्ताको अंशको अनुपातिक कट्टी गरी रकम असुल गर्नुपर्ने रू.

| भौ.नं./मिति | उपभोक्ताको नाम | भुक्तानी रकम | कार्य घण्टा | खरिद इन्धन | लाग्ने इन्धन | बढी इन्धन | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| ५२।२०७९।८।२६ | बालुवा डाँडा हुँदै गणेशस्थान सडक उ.स. | ४८५००० | १०९ | १९२० लि. | १०९० लि. | ८३० लि. | १४७७४० |
| ५६।२०७९।९।४ | दशैं बाटो सरसफाई उ.स. | ५८२००० | १५९ | १८१७ लि. | १५९० लि. | २२७ लि. | ४०४०६ |
| | | | | | | जम्मा | १८८१४६ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,८८,१४६ |

८० **बढी भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ। पालिकाले देहायका उपभोक्ता मार्फत सडकको काम गराई देहाय अनुसार रकम भुक्तानी दिएको छ । उपभोक्ताले पेस गरेको फाँटबारी परीक्षण गर्दा कार्यसम्पन्न रकमको आधारमा उपभोक्ताको अंश १० प्रतिशत कटाई दिनुपर्नेमा बढी भुक्तानी दिएको तथा केही उपभोक्ताले पेस गरेको कार्यबिलमा मानिसबाट काम नभई मेसिनले मात्र गरेको छ । मेसिन र इन्धनको खर्च मात्र वास्तविक खर्च भएकोले वास्तवकि खर्चमा १० प्रतिशत उपभोक्ताको अंश कट्टी गरी रकम भुक्तानी दिनुपर्नेमा बढी भुक्तानी रकम देखिँदा उपभोक्ताबाट असुल गर्नुपर्ने रु.

| भौ.नं./मिति | उपभोक्ताको नाम | भुक्तानी रकम | कार्यसम्पन्न तथा वास्तविक खर्च | दिनुपर्ने भुक्तानी | बढी भुक्तानी |
|---|---|---|---|---|---|
| २७६।२०७९।१२।२२ | महादेवबेंसी झोलुङ्गे पुल उ.स. | ४८५००० | ५१६४०२ | ४६४७६२ | २०२३८ |
| ३०५।२०८०।१।३ | घाउख्रानी कुभिण्डे जलेश्वर सडक उ.स. | ५८२००० | ६००००० | ५४०००० | ४२००० |
| ३९६।२०८०।२।११ | धार्के अमले सडक स्तरोन्नति उ.स. | ४८९७७४९ | ५३६०७६३ | ४८२४६८७ | ७३०६२ |
| | | | | जम्मा | १३५३०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,३५,३०० |

८१ **बढी भुक्तानी**

२४१।२०७९।१२।२, ४८२।२०८०।३।२२ उपभोक्तालाई रकम भुक्तानी दिँदा कार्यबिल तयार हुनु अगावै नापजाँच गर्नुपर्दछ । सरस्वती पार्क डिपबोरिङ्ग निर्माण आयोजनालाई डिपबोरिङ्गको काम गरेवापत रू.२१,९०,९३२।– भुक्तानी दिएको छ । संलग्न कार्यबिलमा नरम र कडा गरी २०० मिटरको होल (पाइको प्वाल) बनाएको देखिन्छ । नर्म्स अनुसार उक्त होलमा २० मिटर भ्याकुम राखी १८० मिटर मात्र पाइप प्रयोग हुनुपर्नेमा ८" dia 6mm लम्बाइको २०० मिटर नै प्रयोग देखाई प्रयोग नै नहुने २० मिटर पाइपको भुक्तानी लिएको हुँदा प्रति मिटर ४५२० को दरले हुने रू.९०,४००।– उपभोक्तालाई भुक्तानी भएकोले उक्त रकम उपभोक्ताबाट असुल हुनुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९०,४०० |

८२ **बढी दरमा भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ। देहायका उपभोक्ता समितिलाई रकम भुक्तानी दिँदाको कार्यबिल तथा फाँटबारी परीक्षण गर्दा दर विश्लेषण भन्दा बढी दरमा रकम भुक्तानी दिएको देखियोले उपभोक्ताको अंशको अनुपातिक कट्टी गरी बढी रकम उपभोक्ताबाट असुल गरी प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने रू.

| भौ.नं./मिति | उपभोक्ताको नाम | विवरण | दिएको दर | दिनुपर्ने दर | बढी दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| २०।२०८०।३।३ | सिस्नेरी खनायखर्क सातकिला सिँचाइ योजना | आर.सि.सि. २०.३२ घ.मि. | १५९९९।८५ | ११३९५ | ४५७४।८५ | ९२९६०।९५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९२,९६०.९५ |

८३ **फिर्ता बाँकी**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ। कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ।यस पालिकाले निम्नानुसार १ वटा बैङ्कमार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको देखिन्छ। लेखापरीक्षणको क्रममा सम्बन्धित बैङ्कहरुमा सामाजिक सुरक्षा भत्ता वितरणको सूचना लिँदा बैङ्कलाई निंकासा भएको रकममध्ये निम्नानुसार रकम बैङ्कमा बाँकी रहेको देखिन्छ। सामाजिक सुरक्षा भत्ता वितरण गरेर बाँकी रहेको रकम सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने रु.

| सि.नं. | बैङ्कको नाम | बाँकी रकम |
|---|---|---|
| १ | प्रभु बैङ्क | ११८५० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ११,८५० |

८४ **दोहोरो नागरिकता**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अद्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ। तर पालिकाले लाभग्राहीको लगत अद्यावधिक नगरी एउटै चौमासिकमा एकै व्यक्तिको नाममा दोहोरो खर्च लेखेको छ । तसर्थ पालिकाले लाभग्राही लगत अद्यावधिक गरी निम्नानुसार बढी खर्च लेखेको रकम सम्बन्धमा यकिन गरी दोहोरो परेको रकम असुल हुनुपर्ने रु.

| ना.नं. | परिचय पत्र | लाभग्राहीको नाम | जन्म मिति | वडा | रकम |
|---|---|---|---|---|---|
| २६३०४२५९२ | २०१८०९०५०२०९७ | बाटुली कामी | 5/9/2018 | २ | ७९८० |
| | २०१८०९०५०२१०५ | बाटुली कामी | 5/9/2018 | २ | ७९८० |
| ३३४३५ | २००००६०२००९४४ | कान्छी तामाङ | 2/6/2000 | ५ | १२००० |
| | २००००६०२०१२८२ | कान्छी तामाङ | 2/6/2000 | ५ | १२००० |
| ३६४६ | २००९०६०५०११७७ | श्रीमती कान्छी आले मगर | 5/6/2009 | ४ | ४८००० |
| | २००९०६०५०२८२९ | श्रीमती कान्छी आले मगर | 5/6/2009 | ४ | ४४००० |
| ४९३४९ | २०१००२११००६१२ | ठूली कान्छी कार्की | 11/2/2010 | ६ | २४००० |
| | २०१००२११००८५१ | ठूली कान्छी कार्की | 11/2/2010 | ६ | २४००० |
| ८६५० | २०२९०८१००११६३ | ठूली तामाङ | 10/8/2029 | ५ | ३१९२० |
| | २०२९०८१००२००५ | ठूली तामाङ | 10/8/2029 | ७ | ३१९२० |
| | | | | जम्मा | २४३८०० |

| प्रमाण पेश नगरेको | २,४३,८०० |
|---|---|

८५ **निस्कृय खाता**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा नं. २६ को उपदफा ३ अनुसार एक आर्थिक वर्षसम्म एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैङ्कबाट अनुसूची-११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाइएमा सम्बन्धित बैङ्कबाट लगत कट्टा हुने मितिसम्मको रकम सम्बन्धित लाभग्राहीलाई भुक्तानी गरी सो मितिभन्दा पछिको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीय कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार निम्नानुसार लाभग्राहीको खातामा लेखापरीक्षणको अवधिसम्म रकम मौज्दात रहेको पाइएकोले कार्यविधि अनुसार यकिन गरी संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

८६ **प्रधानमन्त्री स्वरोजगार कार्यक्रम**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ११ वडामा १९ योजना सञ्चालन गरी यस वर्ष १०६ जनालाई औसत ५१.५६ दिनले ५३५९ दिन रोजगारी उपलव्ध गराई रु.३६,२०,४१९।३९ श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## अनुगमन लेखापरीक्षण

## ८७ अनुगमन तथा सम्परीक्षण

**(क) सम्परीक्षण :-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९ र ४० बमोजिम लेखापरीक्षणबाट औँल्याइएका बेरुजू सम्बन्धमा प्रमाण पेश गरी वा नियमित गरी गराई वा असुल उपरगरी फस्र्यौट गर्ने पहिलो जिम्मेवारी तथा दायित्व बेरुजूसँग सम्बन्धित जिम्मेवार व्यक्ति तथा आर्थिक कारोबारमा संलग्न पदाधिकारी को हुने उल्लेख छ । कार्यालयले २०७८।७९ सम्मको बाँकी बेरुजु रु.२८,७७,८३,०००।- मध्ये रु.६,२७,२५,३४३।- फस्र्यौट गरी सम्परीक्षणका लागि नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली मार्फत अनुरोध गरेकोमा उक्त बेरुजु सम्परीक्षण गरिएको छ । बांकी बेरुजु समेत समयमै सम्परीक्षण गराउनेतर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

यस वर्ष फस्र्यौट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ ।

| सि.नं. | आ.व. | वेरुजु दफा नं. | वेरुजुको संक्षिप्त व्यहोरा | फछ्र्योटको आधार | | | | सम्परीक्षण |
|---|---|---|---|---|---|---|---|---|
| | | | | असुली | प्रमाण | नियमित | पेश्की | |
| १ | २०७८।७९ | १६ | अनुदान फिर्ताको भौचर पेस | ६२७२५३४३ | | | | ६२७२५३४३ |

**(ख) अद्यावधिक बेरुजुको अवस्थाः** यस **थाक्रे गाउँपालिका, धादिङ** को २०७९।८० सम्मको फस्र्यौट गर्न बाँकी बेरुजुको स्थिति देहाय अनुसार रहेको छ । नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली लागू भए पश्चात बेरुजुको संपरीक्षण पनि उक्त प्रणालीबाट नै हुने भएकाले बाँकी बेरुजु संपरीक्षण गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

| सि.नं | गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) | यो वर्ष कायम बेरुजू(C) | संपरीक्षणबाट कायम बेरुजू(D) | अद्यावधिक बाँकी बेरुजू (E=A-B+C+D) |
|---|---|---|---|---|---|
| १ | २८७७८३००० | ६२७२५३४३ | ११२३९३६०८.५५ | ० | ३३७४५१२६५.५५ |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७९/८०

कार्यालय र स्थान : थाक्रे गाउँपालिका, धादिङ , थाक्रे गाउँपालिका , धादिङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Man Bahadur Baral | २०७९-११-२८ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | रश्मी धिमाल | २०७८-७-२४ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ९०,८६८,७८७.९९ | ६,६४३,२३२ | १०,१९९,०९२.५६ | ० | ० | ४,६८२,४९६ |
| | | | | **जम्मा बेरुजु रकम** | ११२,३९३,६०८.५५ |
| | | | | **लेखापरीक्षणको क्रममा असुली रु** | ० |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | २२२०४६३७७.२९ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ४२३७५१५०० | चालु खर्च | ४५३९००८३१.४३ |
| प्रदेश सरकारबाट अनुदान | ७६५४४००० | पूँजीगत खर्च | ४२२००९८१४.०२ |
| राजश्व बाँडफाँट | १४१२५६४०१.९३ | वित्तीय/अन्य व्यवस्था | १६०९८०६९७.०६ |
| आन्तरिक आय | ६८२८८६१७.१७ | | |
| अन्य आय | १८४५८४८४२.२९ | | |
| कुल आय | ८९४४२५३६१.३९ | कुल खर्च | १०३६८९१३४२.५१ |
| बाँकी मौज्दात | | ७९५८०३९६.१७ | |

## अनुसूची - २

| सि. नं. | लेखापरीक्षण क्षेत्र | लेखापरीक्षण गरिएका विषय |
|---|---|---|
| १ | प्रशासनिक खर्च | तलब भत्ता तथा पारिश्रमिक खर्च( तलव, पदाधिकारी सुविधा, अन्य सेवा, नियमित परामर्श र करार सेवा) |
| २ | कार्यक्रम खर्च | तालिम र कार्यक्रम खर्च कृषि तथा पशुतर्फ शिक्षा तर्फ स्वास्थ्यतर्फ |
| ३ | ठेक्का व्यवस्थापन | ठेक्का तथा प्रस्ताव व्यवस्थापन |
| ४ | उपभोक्ता समिति मार्फत खरिद | ११. अमानत, उपभोक्ता समिति र गैर सरकारी संस्थाबाट कार्य कार्य गराउने । |
| ५ | सामाजिक सुरक्षा | सामाजिक सुरक्षा |
| ६ | आन्तरिक आय | आन्तरिक आयतर्फ |
| ७ | विविध | संघ र प्रदेशबाट प्राप्त शसर्त लगायत अनुदान प्राप्त (अख्तियारी तथा अन्य सशर्त कार्यक्रम) |

## बेरूजु दफा ८५ सँग सम्बन्धित विवरण - अनुसूची -३

| Personal ID | Bank account | Name | DOB | Ward no | Citz No. | Balance Amount |
|---|---|---|---|---|---|---|
| २००३१२३२६२९०१ | ५१०१०६७५०१०००११ | LAL TAMANG | 13-04-1945 | १ | Jan-12 | ६८२७७ |
| २०१८०११००४१२४ | ५१०१८२११२९०००११ | SAILI THAPA | 22-04-1961 | १ | 3/1840 | ५००२९ |
| २००८१०१८०१११७ | ५१०१८३५७३५०००१७ | DHAN KUMARI LAMICHHANE | 1/2/1952 | १ | Mar-32 | ३६७१६ |
| २०५३०११९०३९५९ | ५१०२२२४७५३०००१८ | SAMJHANA TAMANG | 1/5/1996 | १ | 26-01-74-00449 | २४२५७ |
| २०५४०९२७०३०३७ | ५१०२०५५६३७०००१३ | PRAKASH NEPAL | 11/1/1998 | २ | 26-01-78-13041 | ५३३०१ |
| २०१००४०२०५४२६ | ५१०२१५६५७१०००१८ | BUDDHI SINGH GHALE | 17-05-1953 | २ | 12/910 | ४०६६८ |
| २०११०४११०३८६७ | ५१०२१५६५७००००११ | JETHA TAMANG | 26-07-1954 | २ | 3/1229-044/45 | ४०६६८ |
| १९८९०५२५००४४७ | ५१०१०६७६७८०००११ | DHAN KUMARI RIJAL | 7/5/1932 | २ | Mar-60 | ३६७३६ |
| २००१०१२५०३८१५ | ५१०१०६७६६६०००११ | SANI KANCHHI TAMANG | 8/5/1943 | २ | 2574 | ३६५२८ |
| २०४३०५२५००७०७ | ५१०१११०९४६०००११ | SABINA BIDARI | 10/9/1986 | २ | 271049/16133 | ३३३२९ |
| २०५६०४२८०३४११ | ५१०२०५५७७७०००१६ | THAKUR PRASAD RIJAL | 13-08-1999 | २ | 26-01-78-07422 | २४२६६ |
| २०११०७२५००७१८ | ५१०१३१२६८८०००१२ | KANCHHI TAMANG | 10/11/1954 | ३ | 3/979 | ६९४०९ |
| २०५४०३२६०१५७२ | ५१०१७७३२८६०००१५ | LAXMI MAYA TAMANG | 10/7/1997 | ३ | 26-01-75-07805 | ५८४९८ |
| २०१८०५०५०२०५३ | ५१०२०२५७५००००१८ | THULI TAMANG | | ३ | | ५८३०५ |
| २०१६०५१५०६२३२ | ५१०२०५६८११०००१६ | THULI KANCHHI TAMANG | 31-08-1959 | ३ | 2615958 | ४९६९१ |
| २००७१२०१०११११ | ५१०१०६७७८४०००११ | THULI TAMANG | 7/6/1953 | ३ | 3/908 | ४९१३६ |
| २०१८०४०७०२१७७ | ५१०२०९११५८०००१५ | THULIMAYA TAMANG | 22-07-1961 | ३ | 14413 | ४१११४ |
| १९९००५०७०१६१५ | ५१०११६७०९८०००११ | AASHA MAYA TAMANG | 20-04-1940 | ३ | Feb-49 | ३६६१६ |
| २०२८०९१८००८३८ | ५१०१७८१३८६०००११ | MAILI TAMANG | 2/1/1972 | ३ | 910 | ३२९७७ |
| २०३८०३१२००६९२ | ५१०११७१०७४०००१२ | RANJITA GHARTI | 26-06-1981 | ३ | 263042/259 | ३२८२८ |
| २०४८१०१००३२८३ | ५१००६६३४६२०००१० | CHITRA KUMARI MAGAR | 24-01-1992 | ३ | 26-01-71-03039 | २४८९१ |
| २०४९१०२००१७२९ | ५१०१५०७९५४०००१२ | GANGA MAGAR | 2/2/1993 | ४ | 26-01-76-09399 | ५२४०३ |
| २०२५०९१२००५१४ | ५१०१०७३०६८०००११ | SARASWOTI ARYAL | 26-12-1968 | ४ | 3/732 | ५०८२६ |
| २०३२०८०१००५२३ | ५१०१११०९७२०००१२ | KANCHHI TAMANG | 17-11-1975 | ४ | 6385 | ४९८९९ |
| २००९०६०५०२८२९ | ५१०२१४४५८२०००१९ | KANCHHI ALE MAGAR | 21-08-1952 | ४ | 3/646 | ४४८५३ |
| २०२२०७१५००६७४ | ५१०११०२८९००००११ | GOMA KUMARI ARYAL | 31-10-1965 | ४ | 3/442 | २४७२७ |


https://nams.oag.gov.np

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २०००१२३२५२७७५ | ५१०२०२५७६९०००१० | SAILI TAMANG | | ५ | | ८७६८४ |
| २०३८१२१०००८०४ | ५१०२०२५७७१०००१३ | KANCHI MAYA TAMANG | | ५ | | ५८३१० |
| १९९८१००९००७७२ | ५१०१०७३०८३०००११ | SHER SINGH TAMANG | 2/5/1941 | ५ | 21/2066/1227 | ४९०५७ |
| २०४९०४०२०१४९८ | ५१०१५०३५५७०००१९ | SUN MAYA GOLE | 17-07-1992 | ५ | 1033/75260 | ४१३०४ |
| २०३५०२११००६७६ | ५१०१८४७६७३०००१७ | SUKAMAYA GHALAN | 24-05-1978 | ५ | 718 | ३५२४९ |
| २०५२०६१२०४८४७ | ५१०२०५४०३६०००१५ | RANJITA SONAR | 28-09-1995 | ६ | 26-01-71-06575 | ३३४२५ |
| २०००१२३२५३१५३ | ५१०१११०९४९०००११ | KRISHAN BAHADUR TAMANG | 14-04-1943 | ७ | Jan-12 | ७८८१४ |
| २०४००१२१००३०५ | ५१०१३९९६५०००००११ | CHANDRAWATI THAPA | 4/6/1983 | ७ | 263046/70/63 | ५७८६७ |
| २०३५०४१००१४८२ | ५१०१२७२४५९०००११ | SARITA TAMANG | 25-07-1978 | ७ | 261/40489 | ४९८५४ |
| २०३१०५१००३६४१ | ५१०१९२२५३४०००११ | SITA CHEPANG | 26-08-1974 | ७ | 263046/790 | ४९७८६ |
| १९९७१२३१६०६९५ | ५१०१०६८२१३०००१४ | HEM BAHADUR PANDIT | 14-04-1941 | ७ | Jan-09 | ४९०९६ |
| २०१००२०१०५५६२ | ५१०२१४२६३४०००१७ | SUBHADRA THAPA | 14-05-1953 | ७ | Apr-66 | ३६४५४ |
| २००७०१२००१२९६ | ५१०२०२५७७८०००१२ | DEV KUMARI SUBEDI | | ८ | | ८७६५५ |
| २००४०१०२०६१८३ | ५१०१०६८३२५०००१७ | KRISHNA BDR KARKI | 14-04-1947 | ८ | 252 | ४९०४४ |
| २००००१०१५४४४९ | ५१०१०९६८४४०००११ | PREM KUMARI SUBEDI | 14-04-1943 | ८ | Apr-97 | ३७३४८ |
| १९९१०२१२००९४३ | ५१०११२७९४७०००११ | NANDA KUMARI GAJUREL | 25-04-1941 | ८ | 4/10064 | ३६७०९ |
| २००८०३११०३५५३ | ५१०२०५८४८१०००१९ | RAM PRASAD GAJUREL | 25-06-1951 | ८ | Jan-37 | ३६६४० |
| १९८७०१०९००४२८ | ५१०१०९३४२१०००१६ | SAILI TAMANG | 13-04-1919 | ८ | Apr-82 | ३६४५४ |
| २०१००२१७०३४१५ | ५१०२१३९०१९०००१८ | DURGA KUMARI GAJUREL | 30-05-1953 | ८ | 4/10067 | ३६४५१ |
| २०४७०४०५०१७०१ | ५१०१५१८२७३०००१० | PRAMIKA TAMANG | 20-07-1990 | ८ | 263043/605 | २४३४० |
| २०१९०२२०००३८२ | ५१०११३१८६००००११ | PRAMOD ACHARYA | 26-02-1999 | ९ | 26/01/75/05276 | ४९२९७ |
| २००१०३१००६१५४ | ५१०११०२९४७०००११ | KHEM KUMARI KOIRALA | 23-06-1944 | ९ | 4/1737 | ३७३०७ |
| २००७१०१००१३८९ | ५१०१०६८४८८०००१२ | SAMPURI POUDEL | 23-01-1951 | ९ | 4/1659 | ३६६४९ |
| २००५०१०३०१८०९ | ५१०१०६८४६१०००११ | TUKA BIDARI | 15-04-1948 | ९ | 15108 | २४६९७ |
| २०४८०७०७००२८८ | ५१०१३१३३०६०००१२ | SABITRI PAUDEL | 24-10-1991 | १० | 261/21451 | ३६४९८ |
| २०१४०१११००७१५ | ५१०११२८९१०००००१४ | DHAN KUMARI GURUNG | 23-04-1957 | १० | 4/1073 | ३२८७४ |
| | | RAM MAYA POUDEL | 3/12/1968 | | 4634 | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २०२५०८१८००४५५ | ५१०११५३३५००००११ | | | १० | | ३२८१२ |
| २०४९१२२३०१४९७ | ५१०१८९७५०२०००१५ | KAMALA TAMANG | 5/4/1993 | १० | 26-01-78-02133 | ३२७७६ |
| २०५००३०९०१६५९ | ५१०१५१३२६४०००१३ | SABITA TAMANG | 23-06-1993 | १० | 261/0012 | ३२६८७ |
| २००८०४०४०२५०६ | ५१०१८९९२२९०००१९ | GANGA MAYA ARYAL | 19-07-1951 | ११ | 4/333 | ४९४४९ |
| २०३८०६१७००३१४ | ५१०१५८४७८६०००१८ | AMBIKA DAMAI | 3/10/1981 | ११ | 263050/533 | ४१२७३ |
| २०३९०१०३०१०६३ | ५१०१४४२९४००००१९ | PHUL MAYA TAMANG | 16-04-1982 | ११ | Feb-53 | ४११६४ |
| २०४६१२०३००२४३ | ५१०१०६८७९२०००११ | HIMAL TAMANG | 16-03-1990 | ११ | 261/40941 | २५१७८ |
| २०४७०६०७००२६६ | ५१०१०६८८३४०००११ | DURGA KHADKA | 23-09-1990 | ११ | 263042/808 | २४६८९ |
| | | | | | जम्मा | २५८९८३९ |